मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

● वर्ष ३ ● अंक ९४ ● २०८१ साल माघ ३० गते बुधबार ● Wednesday 12, February 2025 ● सूर्योदयः बिहान ६:४५ बजे ● सूर्यास्तः साँझ ५:५४ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## अन्तर्जातीय विवाह गर्ने कलाकारद्वयलाई सम्मान गर्न माग

**जनकपुरधाम**

मधेस प्रदेश सभाका सदस्य ललित दासले अन्र्तजातिय विवाह गर्ने दुई जना कलाकारलाई सम्मान गर्न सरकारसंग मांग गरेकी छन ।

प्रदेश सभाको शुन्य समयमा बोल्दै उनले मधेसमै चर्चित कलाकार अभिनास झा अर्थात कलकतियवाली र



अन्सा सदालाई सम्मान गर्न मांग गरेकी हुन । मधेसमा

बाँकी पृष्ठ ३ मा

### बहुमत सदस्यलाई बेवास्ता गर्दै स्थानीय तह कानून संशोधन गर्दै मधेश सरकार

# सत्ता र विपक्षी सांसदद्वारा विरोध

**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**

मधेश प्रदेश सरकारले बहुमत सदस्यलाई वेवास्ता गर्दै गाउँसभा/नगरसभा/जिल्ला सभा गर्न कानून संशोधन गर्न लागेको विधेयकको सत्ताधारी र विपक्षी प्रदेश सभाका सदस्यहरुले विरोध जनाएका छन । उनिहरुले अहिले सरकारको ल्याएको विधेयक लोकतान्त्रिक मुल्यमान्यता विपरित रहेको भन्दै आपति जनाएका छन । उनिहरुले कहिपनि लोकतन्त्रमा बहुमतको कदर हुने भएको बताउदै यसको लागि बहुमतको स्वीकार गर्नुपर्नेमा जोड दिएका छन ।

सोमबार खेलकुद तथा समाज कल्याण मन्त्री प्रमोद कुमार जैसवालले गाउँसभा/नगरसभा/जिल्लास भाको कार्य सञ्चालन (कार्यविधि) ऐन, २०७७ को दफा ५ लाई संशोधन गर्न बनेको विधेयक प्रदेशसभामा पेश गरेका हुन् ।

मन्त्री जैसवालले प्रदेशसभामा पेश गरेको संशोधन विधेयक पारित भएको अहिले ५० प्रतिशतभन्दा बढी सदस्यको समर्थनको आवश्यकता रहेकोमा संशोधन विधेयक पारित भएपछि २५ प्रतिशत सदस्यले समेत गाउँसभा/नगरसभा/जिल्लास भा गर्न पाउनेछन् ।

गाउँसभा/नगरसभा/जिल्ला सभाको कार्य सञ्चालन (कार्यविधि) ऐन, २०७७ को दफा ५ मा सम्पूर्ण सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी उपस्थित नभएसम्म कुनै प्रश्न वा प्रस्ताव निर्णयका लागि प्रस्तुत गरिने छैन भनि व्यवस्था रहेको छ । यसलाई संशोधन गर्न मधेस सरकारले बैठकमा कायम रहेको सदस्य संख्याको २५ प्रतिशत सदस्य उपस्थित भएमा सभाको गणपुरक संख्या पुगेको मान्नेगरि कानून संशोधन गर्न लागेको हो ।



स्थानीय तहले असार १० गतेभित्र नगरसभा गर्नुपर्ने व्यवस्था भएपनि मेयर र उपमेयरको विवादका कारण स्थानीय सरकारले समयमा बजेट ल्याउन पाइरहेका छैनन् । बहुमत सदस्यको समर्थन नभएको अवस्थामा कयौँ महिना ढिलो गरी स्थानीय तहहरुले गाउँसभा/नगरसभा गर्ने गरेका छन् ।

मधेस सरकारले बैठक नियमित रुपमा सञ्चालन गर्नुपर्ने भन्दै कानून संशोधन गर्न लागेको जनाएको छ । मधेस प्रदेशको ८ वटा जिल्लामा १३६ वटा स्थानीय तह रहेको छ ।

नयाँ संशोधन विधेयक अनुसार दफा ५ को उपदफा (१) अनुसार सभामा तत्काल कायम रहेका सदस्य संख्याको ५० प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा सभाको लागि गणपुरक संख्या पुगेको मान्ने भनेको छ । सोही दफाको उपदफा (२) को (१) बमोजिम गणपुरक संख्या नपुगेमा अध्यक्षले पाँच दिनभित्र अर्को बैठकको लागि सूचना गर्नुपर्नेछ भनेको छ ।

दफा ५ को उपदफा (३) को (२) बमोजिमको बैठकमा तत्काल कायम रहेको सदस्य संख्याको ३५ प्रतिशत सदस्य उपस्थित भएमा सभाको गणपुरक संख्यान पुगेको मानिनेछ भनेको छ ।

दफा ५ को उपदफा (४) को (३) बमोजिम बैठकमा गणपुरक संख्या नपुगेमा अध्यक्षले तीन दिनभित्र पुनः अर्को बैठकको लागि सूचना गर्नुपर्नेछ भनि व्यवस्था गर्नु पर्नेछ । सोही दफाको उपदफा (५) को (४) बमोजिमको बैठकमा तत्काल कायम रहेको सदस्य संख्याको २५ प्रतिशत सदस्य उपस्थित भएमा सभाको गणपुरक संख्या पुगेको मानिनेछ ।

यो संशोधन विधेयक पारित भएमा सभाका ७५ प्रतिशत सदस्यलाई वेवास्ता गर्दै २५ प्रतिशत सदस्यले समेत गाउँसभा÷नगरसभा÷जिल्ला सभा गर्न पाउनेछन् ।

मधेस सरकारले ल्याएको संशोधन विधेयकको सत्तापक्ष र विपक्षी दलका सांसदले विरोध जनाएका छन् । मंगलबार संशोधन विधेयकको सैद्धान्तिक छलफलको क्रममा भाग लिँदै नेकपा एमाले, नेपाली कांग्रेस र जनता समाजवादी पार्टीका सांसदहरुले आपत्ति जनाएका हुन् । एमालेका संसदीय दलका उपनेता दिपेन्द्र ठाकुरले संसारमै कतै नभएको व्यवस्था मधेस प्रदेशमा ल्याउन खोजिएको भन्दै आपत्ति जनाए ।उनले अहिलेको संसोधनको कुनै औचित्य नरहेको प्रष्ट पारे । उनले लोकतन्त्रमा बहुमतको कदर हुने गरेको बताउदै बहुमतलाई अस्वीकार गर्ने गलत परिपाटीको विकास हुने बताए ।

छलफलकै क्रममा जनता समाजवादी पार्टी, नेपालका प्रमुख सचेतक रामअशिष यादवले प्रदेश सरकारको सक्षमतामाथि नै प्रश्न उठाए । उनले भने, ‘यो यसरकार संशोधनका लागि कुनै टिम बनाएको छ कि छैन ? नेपालको संविधानको भावनाको विपरित ऐन बनाउने अधिकार तपाईलाई कसले दियो ? मधेस आन्दोलनको मर्म र संविधान विपरित ल्याएको विधेयक यसरी नै सदनले गम्भीरतापूर्वध ध्यान नदिए गणतन्त्र पनि खतरामा हुन्छ, संघीयता पनि संकटमा हुन्छ ।’

यस्तै, सत्तापक्ष नेपाली कांग्रेसका सांसद मोहम्द समिमले गाउँसभा र नगरसभाको सदस्य समावेशी सिद्धान्तको तहत प्रतिनिधित्व हुनेगरी गठन भएको भन्दै उनले स्थानीय तहले पारित गर्ने बजेट र कानूनहरुमा सबै समुदायको आवाज र अधिकार एउटै हुनुपर्ने बताए । उनले यस विधेयकलाई यतासिघ्र संशोधन गर्न अथवा फिर्ता लिन आग्रह गरे । ‘कसको इशारामा तपाई चल्नुहुन्छ ? जे पाए त्यहि ल्याउनुहुन्छ । यो पास भएपछि के हुन्छ ? यसमा हाम्रो दल गम्भीर छ’, उनले भने ।

गाउँसभा÷नगरसभा÷जिल्ला सभाको कार्य सञ्चालन (कार्यविधि) ऐन, २०७७ लाई संशोधन गर्न बनेको विधेयकमाथिको सैद्धान्तिक छलफल जारी नै रहेकाले बुधबार दिउँसो १ बजे बस्नेगरि स्थगित गरिएको छ ।

# प्रधानमन्त्रीलाई साहको प्रश्नः
## शान्तिपूर्ण विरोध सभा गर्ने ठाउँ कहाँ छ ?



**मधेशदृष्टि**
**काठमाडौं ।**

आम जनता पार्टी (आजपा)का अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले शान्तिपूर्ण विरोध सभा गर्नका लागि नागरिकको हकमाथि सरकारले प्रतिबन्ध लगाएको आरोप लगाएका छन् । संविधानमा भएको मौलिक हक अनुसार नै आफ्ना कुरा राख्न पाईने, शान्तिपूर्ण सभा, विरोध गर्न पाउँने भए पनि अहिले त्यस्तो अभिव्यक्ति व्यक्ति गर्नका लागि काठमाण्ड़ौमा ठाउँ नै नभएको उनले गुनासो गरेका छन् ।

प्रतिनिधि सभाको आजको बैठकमा साहले ‘नेपालमा लोकतन्त्र छ की निरंकुशता छ ?’ भन्ने प्रश्न गर्दै लोकतन्त्रमा सरकारले अभिव्यक्ति स्वतन्त्रता किन हनन गर्न खोजेको भनेर सरकारसंग जवाफ माग गरेका छन् ।

‘नेपालमा लोकतन्त्र छ कि निरंकुशता छ ? निरंकुश भनिएको राजतन्त्रको बेलामा उफ्रिउफ्री विरोध र सभाहरु गर्ने नेता आज सत्तामा पुगेपछि आफैं निरंकुश बन्नु भएको छ । नेपाली जनताले विरोध गर्न खोज्दा विरोध गर्न पाउँने ठाउँ कहाँ छ ?’, सरकारसंग प्रश्न गर्दै साहले भने, ‘हामी निर्वाचित सांसद भएकाले त ठाउँ पाउँदैनौं भने सर्वसधारणको हालत के होला ? यस बारेमा यो संसदले सरकारलाई निर्देश गरोस् ।’

प्रधानमन्त्री केपी शर्मा ओली र उनको दल नेकपा (एमाले)ले व्यस्त सडकमै मञ्च बनाएर कार्यक्रम गर्ने छुट पाएपनि आम नागरिकले विरोध गर्ने ठाउँ कहीँ कतै नपाएको उनले बताए । आजपा अध्यक्ष साहले सरकारले जनतालाई रून, हाँस्नसमेत नदिएको टिप्पणी गरे ।‘ठूला–ठूला नेता, प्रधानमन्त्रीज्यूहरुले सडकमै मञ्च लगाउनुहुन्छ । व्यवस्त सडकमा मञ्च बनाउनुहुन्छ, त्यो आम जनताले पाउँछ कि पाउँदैन । जो शासक छ, उही सडकमा सभा गर्छ । जनताले कहाँ सभा गर्ने ? कुनै ठाउँ दिँदैन’, आजपा अध्यक्ष साहले भने, ‘अरु पनि देशमा लोकतन्त्र छ, लोकतान्त्रिक व्यवस्था छ । सबै देशहरुमा सभा सम्मेलन गर्ने ठाउँ दिइएको हुन्छ । हिजो राजतन्त्र हुँदा सभा सम्मेलन गर्ने ठाउँ खुल्ला थिए । त्यतिबेला निरंकुश राजा भन्नेहरु आजको सिस्टमलाई के भन्ने ? आजको सिस्टमलाई लोकतन्त्र भन्ने ? जनतालाई रुन पनि नदिने, हाँस्न पनि नदिने ?’ राजतन्त्रको

बाँकी पृष्ठ २ मा

## सिडिओको निर्देशनपछि प्रशासकीय अधिकृत गिरी कार्यालयमा उपस्थित हुने

**मधेशदृष्टि**
**वीरगंज ।**

कालिकामाई गाउँपलिकाका प्रशासकीय अधिकृत अमित गिरीले बुधबारदेखि कार्यालयमा उपस्थित भएर काम गर्ने भएका छन् ।

नेपाल कर्मचारी संघठन पर्साका अध्यक्ष समेत रहेका गिरी राजनीतिक संरक्षणको आडमा महिनौंदेखि कार्यालयमा अनुपस्थित रही घरबाटै कार्यालय संचालन गर्दै आएको छन् ।

प्रशासकीय अधिकृत गिरी तीन महिनादेखि कार्यालयमा अनुपस्थित रहेको भन्दै पालिकाका उपप्रमुख राजमाती देवी बरैनी लगायतको टोलीले सोमबार पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालको ध्यानाकर्षण गराएको थियो । पालिका उपप्रमुखले ध्यानाकर्षण गराएपछि प्रमुख जिल्ला अधिकारी अर्यालले अधिकृत गिरीलाई पालिकामा उपस्थित हुने निर्देशन दिएका छन् । मंगलबार जिल्ला प्रशासन कार्यालयले आयोजना गरेको विपद् व्यवस्थापन कार्यक्रममा सहभागी भएका गिरीलाई पालिकामा उपस्थित भएर काम गर्न अर्यालले निर्देशन दिएका हुन् ।

## आमसंचारका अध्यक्षद्वारा आफनो चार वर्षको उपलब्धी सार्वजनिक





**मधेशदृष्टि**
**जनकपुरधाम**

मधेस प्रदेश सरकारले आमसंचार क्षेत्रलाई स्वच्छ , स्वतन्त्र र पादर्शी , मर्यादित बनाउने उदेश्यले स्थापना गरेको आम संचार प्राधिकरण मधेस प्रदेशको अध्यक्ष श्याम सुन्दर यादवले आफनो चार वर्षको प्रगति सार्वजनिक गरेका छन । पत्रकार सम्मेलनको आयोजना गरि उनले सरकारको कर्मचारी व्यवस्थानको समस्या ,बजेटको समस्या बिचमा आयोगले अपेक्षाकृत राम्रो काम गरेको जानकारी दिए । उनले आफु आएपछि संचार क्षेत्रलाई सबलीकरण गर्नको लागि लोक कल्याणकारी विज्ञापन , स्वास्थ्य बिमाको काम सुरु गरिएको जानकारी दिदै आम संचार निति निर्माण गरेको बताए । यादवले आफ्नो कार्यकालका मुख्य उपलब्धिहरू २३ बुँदामा समेट्दै प्राधिकरणलाई व्यवस्थित र सक्रिय संरचनाको रूपमा स्थापित गर्न सफल भएको जानकारी दिए ।


पत्रकार महिलाहरूको स्वास्थ्य र दुर्घटना बीमा कार्यक्रम २०७९ सालदेखि नै सुरु भएकोमा यसलाई थप विस्तार गर्दै सम्पूर्ण सक्रिय पत्रकारहरूलाई समेट्ने काम भएको छ । यादवका अनुसार प्रदेशका ३०९ वटा सञ्चारमाध्यमहरू (पत्रपत्रिका १६५, एफ.एम. रेडियो ६७, टेलिभिजन ९ र अनलाइन ६८) सूचीकृत भएका छन् । तिनीहरूले लोककल्याणकारी विज्ञापन प्राप्त गरिरहेका छन् । यादवले एफ.एम. रेडियो तथा टेलिभिजनको इजाजतपत्र, लाइसेन्स नवीकरण लगायतका कार्यहरु मधेश प्रदेशबाट हुने गरी नयाँ सञ्चान ऐनको खाका तयार भई प्रक्रिया अगाडि बढेको , कार्यालयको वेबसाइट, अनलाइन सफ्टवेयर, पेज, युट्युब च्यानल, क्यूआर कोड सहित आधुनिक प्रविधिको पहुँच अभिवृद्धि, प्राधिकरणको गतिविधि समेटिएको प्रचार एवम् सूचनामूलक क्यालेण्डर निर्माण एवम्

सरोकारवाला निकाय तथा व्यक्तिहरुलाई वितरण सहितको कार्य गरेको बताए । उनले सङ्घीय, प्रादेशिक, स्थानीय लगायत सरोकारवाला निकायसँग समन्वय एवम् सहकार्य ,मधेश प्रदेश लोककल्याणकारी विज्ञापन व्यवस्थापन कार्यविधि संशोधन गरी अनलाइन मिडियालाई समेत लोककल्याणकारी विज्ञापनको सुनिश्चितता गराएको जानकारी दिए ।

## मधेशका सभामुख मण्डलले संघीयता, संविधानका विषयमा पढाउने

**मधेशदृष्टि**
**जनकपुरधाम**

मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डलले संविधान, संघीयता, अधिकार क्षेत्र र संघीयताको विशेषताहरू जस्ता विषयमा विद्यार्थीहरूलाई प्राध्यापन गर्ने भएका छन । उनले पहिलो चरणमा जनकपुरको राजर्षि क्याम्पसमा पढाउने निर्णय गरेका हुन । महिनामा एक दिन विद्यार्थीहरुसंग अन्तृक्रिया हुने जानकारी दिइएको छ । यसका लागि उनले राजर्षि जनक विश्वविद्यालय अन्तर्गतको आंगिक क्याम्पसमा प्राध्यापकका रूपमा कक्षा सञ्चालन गर्ने प्रस्ताव पठाएका छन् ।मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डलले राजर्षि जनक विश्वविद्यालय अन्तर्गतको आंगिक क्याम्पसमा प्राध्यापनका लागि लिखित प्रस्ताव पठाएको भएको छ । केही वर्ष अघि मात्र स्थापित बहुप्रतिक्षित राजर्षि जनक



विश्वविद्यालयमा प्राध्यापनका लागि सभामुख रामचन्द्र मण्डलले लिखित प्रस्ताव पठाएको हो । मण्डलले विश्वविद्यालयको आंगिक क्याम्पसमा संविधान, संघीयता, अधिकार क्षेत्र, संघीयताको विशेषता, आवश्यकता, विश्वमा संघीयताका उदाहरणहरु जस्ता विषयमा प्रवचन दिने भएको प्रमुख स्वकीय सचिव रमेश कुमार मण्डलले जानकारी दिए ।राजनीतिक जीवनमा आउनु अघि लामा समयसम्म जनकपुरधाम सहित काठमाण्डौं र पहाडि जिल्लामा ईङगलिशका प्राध्यापन गर्दै आएका सभामुख मण्डल अब्बल उत्पादन मानिन्छ ।

## विद्यालयमा शैक्षिक वातावरण माग गर्दै विद्यालय प्रअद्वारा आन्दोलन घोषणा



**मधेशदृष्टि**
**जनकपुरधाम**

धनुषाका हंसपुर नगरपालिकामा संचालनमा रहेको विद्यालयहरुको एक भेलाले विद्यालयमा शैक्षिक वातावरणको निर्माणको मांग गर्दै आन्दोलनको घोषणा गरेका छन । सम्पुर्ण विद्यालयहरुको प्रअको भेलाले यस्तो निर्णय गरिएको छ ।

भेलाले हंसपुर नगरपालिका अन्र्तगत सम्पुर्ण शिक्षकहरुलाई उच्च मनोवलका साथ शिक्षण कार्य सम्पन्न गर्न सुरक्षीत वातावरण कायम गर्नुपर्ने,तपसीबाबा मावि टिल्हीका प्रअ बलराम ठाकुर र शिक्षक विभा ठाकुरको व्यवस्थापन हुनुपर्ने, सो विद्यालयका प्रअमाथि कुटपिटमा संग्लनलाई कारवाही गर्नुपर्ने ,दिवा खाजा लगायतका छात्रवृति कार्यालय संचालन खर्च एवं अन्य शिर्षकमा निकासा हुनुपर्ने रकमहरु रोक्का नराखि पठाउने सहितको मांग गरिएको छ । त्यसैगरि विद्यालयमा निकासा गरी रोक्का रहेका विभिन्न शिर्षकका रकमहरु फुकवा गर्नुपर्ने सहितको मांग राखिएको छ । मांग पुरा नभए आन्दोलन गर्ने चेतावनी दिइएको छ ।

प्रअहरुलेले २८ गते विद्यालयको समस्याहरुको विषयमा नगरपालिकालाई जानकारी गराउने,२ गते देखि समस्या समाधान नभए सम्पुर्ण प्रअद्वारा नपाको कार्यालय अगाडि धर्ना दिने, ४ गते देखि नगरपालिका भित्रको सम्पुर्ण विद्यालय ठप्प पार्ने चेतावनी दिइएको छ ।

# ईशनाथमा विकासका कामसँगै सुलभ सेवा प्रवाह



**मधेशदृष्टि**
**रौतहट ।**
भारतीय सीमासँग जोडिएको ईशनाथ नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतका रूपमा नन्दकिशोर गुप्ताले जिम्मेवारी पाएपछि विकास निर्माणका कामका साथै सुलभ तरिकाले सेवा प्रवाह भइरहेको छ । सामान्य प्रशासन मन्त्रालयद्वारा भदौमा ईशनाथको प्रमुख प्रशासकीय अधिकृतका रुपमा उपसचिव गुप्ताले जिम्मेवारी लिएसँगै विकास निर्माणका कामदेखि सम्पूर्ण प्रशासनिक सेवा सुलभ तरिकाले प्रवाह हुन थालेको हो ।

हाल नगरमा विकासका आयोजना, सामाजिक सुरक्षा भत्ता वितरण, कर्मचारी व्यवस्थापन, दैनिक ज्यालादारी तथा करार सेवामा कार्यरत कर्मचारीको तलब भुक्तानी समयमा भइरहेको अधिकृत गुप्ताले बताए । यसअघि प्रमुख प्रशासकीय अधिकृत नहुँदा सामाजिक सुरक्षा भत्ता, सुत्केरी भत्ता, ज्येष्ठ नागरिक भत्ता, अपांग भत्ता वितरणलगायत आर्थिक तथा प्रशासनिक कार्य प्रभावित भएको थियो । गुप्ता आउनुअघि ईशनाथ नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतकै बिषयमा पटकपटक विवाद हुँदैआएको थियो । २०८० फागुन १७ गते अधिकृत हाजिर भएपछि निर्धारित समयमा शिक्षक कर्मचारीको तलब, विकास निर्माणको अनुगमन भुक्तानी भईरहेको ईशनाथकी मेयर कौशल्या देवीले बताइन् । मेयरका अनुसार हाल नगरभित्रका शिक्षा, स्वास्थ्य, कृषि, पशु सेवालगायत वडाबाट सेवाग्राहीको काम छिटोछरितो भइरहेको छ । त्यति मात्र नभई प्रमुख प्रशासकीय अधिकृत गुप्ताको सक्रियताले तोकिएको समयभित्रै ईशनाथको हिउँदे अधिवेशन भएको मेयर कौशल्या देवीले जानकारी दिइन् ।

रौतहटका १८ स्थानीय निकायमध्ये अधिकांशमा जनप्रतिनिधि र प्रमुख प्रशासकीय अधिकृतबीच विभिन्न कारणले पटकपटक विवाद हुँदैआएको छ । तर अधिकृत गुप्ताले जनप्रतिनिधिदेखि नगरबासीको चाहनाअनुसार काम गरेकाले ईशनाथको सम्पूर्ण गतिविधिमा सुधार आएको स्थानीय सञ्चारकर्मी किशोरी यादवले बताए । नगरक्षेत्रअन्तर्गतका सामुदायिक विद्यालयको शिक्षाको अवस्था र स्वास्थ्य संस्थाबाट प्राप्त भइरहेको उपचार सेवा अझै प्रभावकारी बनाउनु पर्ने सञ्चारकर्मी यादवले सुझाव दिए ।

# प्रधानमन्त्रीलाई साहको...

समयमा उफ्रिउफ्रि सभा गर्ने, भाषण गर्ने नेताहरुले आज ति ठाउँमा ताल्चा लगाइएको किन नदेखेका होलान भन्दै उनले सरकार राजाभन्दा पनि बढी निरंकुश बनेको टिप्पणी गरे । यस्तै आजपा अध्यक्ष साहले सरकारले संसदीय समितिको बैठकहरुमा सरकारले सुराकी पठाएको गम्भिर आरोप लगाएका छन् । उनले सरकारले समिति र सदनमा सांसदहरुले के बोल्छन् भनेर सुराकीको रुपमा केही प्रहरी खटाएको गम्भिर आरोप लगाएका हुन् । उनले प्रधानमन्त्री ओली नेतृत्वको सरकार राजाको शासन कालभन्दा पनि निरंकुश भएको टिप्पणी गरे ।

'यतिसम्म कि अब मोबाइल (सामाजिक सञ्जाल) मा पनि विरोध गर्न बन्द गर्ने । संसदमा पनि कुन दिन अभिव्यक्ति स्वतन्त्रतामाथि प्रतिबन्ध हुन्छ । हामी सुन्छौं, सरकारका प्रहरीहरु सुराकीको काम गर्दैछन्, समितिमा के बोल्छन् सांसदहरु ? संसदमा सांसदहरु कसरी प्रस्तुत भइरहेको छ ? यतिसम्म त राजाले पनि गर्दैन थियो' साहले भने ।

# कागजात नभएका १६ वटा मोटरसाइकल भन्सार बुझाइयो

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल प्रहरीले कागजात नभएका १६ वटा मोटरसाइकलहरूलाई रौतहटस्थित गौर भन्सार कार्यालयमा बुझाएको छ ।

माघ १ गतेदेखि जिल्ला प्रहरी कार्यालय रौतहट र मातहतका निकायबाट खटिएको प्रहरी टोलीले विभिन्न स्थानहरूमा गरेको सवारी साधनहरूको चेकिङका क्रममा ती मोटरसाइकलहरू बरामद गरेको थियो । प्रहरी नायब उपरीक्षक दीपककुमार रायका अनुसार ती मोटरसाइकलहरूको अनुमानित मूल्य १२ लाख रुपैयाँ रहेको छ ।

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend

"नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था"

कर्जा चूक्ता गर्न आउने बारेको पूण:१५ दिने अत्यन्त जरुरी सूचना

यस कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गरेको कर्जा लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार समय समयमा बुझाउनु पर्ने सांवा, ब्याज आदि नतिरी नबुझाई ऋण लिंदा गरेको शर्त, कबुलियत उल्लंघन गरेको र बैंकले मौखिक एवं लिखित रुपमा पटक पटक तरतागेता गर्दा मिति २०८१/०९/०४ मा मधेशदृष्टि राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सूचना जारी गर्दा समेत सो कर्जाको तिर्नु पर्ने सांवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान नगरेको हुंदा पूण:यो १५ दिने सूचना प्रकाशित गरिएको छ । यो समय भित्रमा कर्जाको सम्पूर्ण सांवा, ब्याज ,हर्जाना ब्याज तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्नुहुन पूण:यो १५ दिने सुचना प्रकाशित गरिएको छ । अन्यथा उल्लेखित मिति भित्रमा बुझाउनू पर्ने सम्पूर्ण कर्जा सांवा, ब्याज तथा हर्जाना ब्याज समेत भुक्तान नगरेमा यस बैंकलाई कर्जाको सुरक्षण वापत लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पति बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन २०७३, नेपाल राष्ट्र बैङ्क तथा वित्तिय संस्थालाइ जारी गरीएको एकीकृत निर्देशन तथा सोको प्रतिस्थापनामा आउने निर्देशन,परिपत्रहरु, बैङ्को कर्जा असुलि निति तथा अन्य सम्बद्ध ऐन कानूनले दिएको अधिकार प्रयोग गरी धित्तोमा रहेको चल अचल सम्पति जहां जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिकी गरि वा अन्य व्यवस्था गरि बैंकको सांवा, ब्याज, हर्जाना लगायत असुली कारवाहीको सिलसिलामा भएका अन्य खर्चहरु समेत असुल उपर गरी लिने तथा लेना रकम असुल उपर नभएको खण्डमा तपाई ऋणीहरु तथा धन जमानी दिनेको घर घराना/चल अचल सम्पतिबाट असुल उपर गरिनुका साथै प्रचलित नियम कानुन बमोजिम तपाई ऋणी तथा जमानीकर्तालाई कालो सूचिमा राख्न सिफारिश गर्ने व्यहोरा समेत ऋणी, जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

| |
|---|
| **१) ऋणीको नाम र ठेगाना** |
| पलक रायको नाती, लालचन रायको छोरा, जिल्ला पर्सा गाविस महुवन वडा नं. ०८ भई हाल जिल्ला पर्सा, सखुवाप्रसौनी गा.पा. वडा नं. ०५, बस्ने (ना.प्र.न. ५७९४१५६७ मिति २०५५/०५/२८, पर्सा) बर्ष ४७ को **जनार्दन प्रसाद यादव ।** |
| **कर्जाको सुरक्षण विवरण** |
| नीज जनार्दन प्रसाद यादवको नाममा दर्ता कायम रहेको जिल्ला पर्सा विरगंज वडा नं १६, राद्येमाई हाल जिल्ला पर्सा विरगंज वडा नं १३, राद्येमाई स्थित किता नं ६३३ को जम्मा क्षेत्रफल ००२०३.१६ व.मी. को घर जग्गा । |
| **व्यक्तिगत जमानीकर्ताहरु :** |
| लालचान रायको बूहारी, जनार्दन प्रसाद यादवको पत्नी गाविस महुवन वडा नं. ०८ भई हाल जिल्ला पर्सा, सखुवाप्रसौनी गा.पा. वडा नं. ०५, बस्ने (ना.प्र.न. ३४२०५०/४१७ मिति २०६४/०१/११, जि.प्र.का. पर्सा) बर्ष ४५ को **उषा देवी ।** |
| **नोट :ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।** |

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था

**प्रधान कार्यालय:**
**गीता मन्दिर रोड, वीरगंज,पर्सा**
**फोन नं. ०५१-५३१०३१**
शाखा कार्यालय: बसपार्क (बाईपास) बिरगंज
ड्राईपोर्ट, श्रीसिया, बिरगंज ।
टेडारोड, चोर्नी, (जीतपुर) ।

# मच्छिन्द्रनाथको रथ बनाउने बेत अभाव



**ललितपुर ।**
ललितपुर महानगर प्रमुख चिरीबाबु महर्जनले रातो मच्छिन्द्रनाथको रथ बनाउन प्रयोग हुने बेत भारतको आसामबाट नेपाल ल्याउँदा कानुनी र प्राविधिक अड्चन झेल्नुपरेको बताउँदै प्रक्रिया सहज बनाउन सरोकार भएकासँग अनुरोध गरेका छन् ।

गुहाटी विश्वविद्यालयले गरेको 'भारत–नेपाल सम्बन्धको जरा गुरु मच्छिन्द्रनाथको दृष्टिकोण' विषयक अन्तर्राष्ट्रिय सङ्गोष्ठीमा नगरप्रमुख महर्जनले रातो मच्छिन्द्रनाथको रथ निर्माणका लागि अत्यावश्यक पर्ने बेत नेपालमा सहज आपूर्तिको व्यवस्था गर्न अनुरोध गरेका हुन् ।

'रथ बनाउन प्रयोग हुने बेत आसामबाट लानुपर्छ तर सहज छैन, यो प्रक्रियालाई सहज बनाउन अनुरोध गर्छु, रातो मच्छिन्द्रनाथको इतिहास जतिकै पुरानो र बलियो नेपाल र आसामको सम्बन्ध छ, अब काठमाडौँ र आसामबीच सिधैँ हवाई उडानबाट यात्राको व्यवस्था मिलाउन सकियोस्, यसले दुई देशबीच आवतजावत बढ्छ, सम्बन्ध अझै बलियो हुन्छ,' उनले भने ।

नगरप्रमुख महर्जनले रातो मच्छिन्द्रनाथको जात्रा रोचक तथ्यबारे जानकारी गराउँदै विश्वविद्यालयका उपकुलपति, प्राध्यापकहरू, विश्वविद्यालय परिवारलगायत गुहाटी र आसामका नागरिकलाई जात्रा हेर्न आउन निम्तासहित आह्वान गरे । 'रातो मच्छिन्द्रनाथको जात्रा हेर्न ललितपुर आउनुहोस्, भव्यताका साथ स्वागत गर्न आतुर छु,' उनले भने । कुनै पनि किलाकाँटाको प्रयोगबिना बेतले बाँधेर रातो मच्छिन्द्रनाथको रथ निर्माण गरिन्छ । रथ बनाउन प्रयोग गरिने बेत भारतको आसामबाट ललितपुर ल्याउने प्रचलन छ ।

नगरप्रमुखले नेतृत्व गरेको प्रतिनिधिमण्डलमा पर्यटन संस्कृति समितिका संयोजक वडाध्यक्ष विकासमान श्रेष्ठ, समितिका सदस्यद्वय रुपेन्द्रराज शाक्य र राजेन्द्र महर्जन, महानगरकी प्रमुख प्रशासकीय अधिकृत रेखादास श्रेष्ठ, महानगरका अमूर्त सम्पदा सल्लाहकार वदनलाल न्याछ्यो, पर्यटन सल्लाहकार दिलेन्द्रराज श्रेष्ठ, रातो मच्छिन्द्रनाथ पानेजु सङ्घका अध्यक्ष यज्ञरत्न शाक्य, ज्यापू समाज ललितपुरका अध्यक्ष शन्तमान महर्जन, ञवाल गुठीका गुठियार नवीन महर्जन, घःकु गुठीका गुठियार बुद्ध महर्जन, बाराही दः गुठीका नाइके दिलकुमार बाराहीलगायत छन् ।

कार्यक्रममा गुहाटी विश्वविद्यालयका उपकुलपति नानी गोपाल महन्ताले रातो मच्छिन्द्रनाथले ललितपुर र भारतको सम्बन्धलाई बलियो बनाएको बताए । सांस्कृतिक र ऐतिहासिक रूपमा दुई देशबीचको सम्बन्ध बलियो भएको प्रष्ट पार्दै यो सम्मेलनले सम्बन्ध अझै कसिलो हुने उनले विश्वास व्यक्त गरे । मजुली सांस्कृतिक विश्वविद्यालयका पूर्वउपकुलपति प्राध्यापक डम्बरुधर नाथले भारत र नेपालबीचको प्रगाढ सम्बन्धको सेतु रातो मच्छिन्द्रनाथ भएको बताए ।

रातो मच्छिन्द्रनाथबारे गुहाटीमा छुट्टाछुट्टै विषयमा सात वटा कार्यपत्र प्रस्तुत गरिएको थियो । ललितपुर महानगरकी प्रमुख प्रशासकीय अधिकृत श्रेष्ठले 'नेपालमा गुरु मच्छिन्द्रनाथ' विषयक कार्यपत्र प्रस्तुत गरेका थिए । महानगरका अमूर्त सम्पदा सल्लाहकार न्याछ्योले सम्पदा र विश्वसम्पदा विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए । पानेजु सङ्घका अध्यक्ष शाक्यले रातो मच्छिन्द्रनाथको पूजा विधि, ज्यापू समाजका अध्यक्ष महर्जनले जात्रा व्यवस्थापन र रथ निर्माणसम्बन्धी विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए । गुठी संस्थानका निमित्त प्रशासक शालिकराम सुवेदीले आसामबाट बेत सङ्कलन प्रक्रियाका विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए ।

त्रिभुवन विश्वविद्यालय, इतिहास विभागका पूर्वप्रमुख प्राध्यापक राजाराम सुवेदीले 'नेपालमा सिद्ध मच्छिन्द्रनाथ'को भूमिका विषयक कार्यपत्र र डा. विदु प्रकाश कायस्थले रातो मच्छिन्द्रनाथ, जलवायु परिवर्तन र त्यसको असर विषयक कार्यपत्र प्रस्तुत गरेका थिए । रासस

# कांग्रेस र एमाले एक अर्काको सहयात्री मात्र होईन प्रतिस्पर्धि पनि हुनः प्रदिप ज्ञवाली




**रौतहट ।**
नेकपा एमालेका उपमहासचिव प्रदिप ज्ञवालीले नेपाली कांग्रेस र नेकपा एमाले सत्ता साझेदार मात्र होईन एक अर्काको प्रतिस्पर्धी समेत रहेको कुरा बताएका छन ।

नेकपा एमाले जिल्ला कमिटी रौतहटको आयोजनामा "तीन महिने वडा केन्द्रीत अभियान" सम्बन्धी अभिमुखीकरण कार्यक्रममा प्रमुख अतिथिको रुपमा बोल्दै उपमहासचिव ज्ञवालीले काग्रेस – एमालेको सहकार्यले आयाराम गयाराको निन्द हराम भएको बताए । काग्रेससंगको हाम्रो सहकार्यले प्रचण्डको जादुई नम्बर ३२ जना सांसद भएको पार्टीको प्रधानमन्त्री हुने सिष्टम फेल भएको नेता ज्ञावलीले बताए । सता सहकार्यसगै देशमा स्थिर सरकार आएको छ ।

आया राम गया रामको काम छैन ,पुँजिगत खर्च बढेको छ । आयात निर्यातमा सुधार भएका छन ।

सरकार आएपछि सत्य निरुपण तथा मेलमिलाप आयोग सर्वसहमतिले पारीत भएका छन । साँस छ न लास छ पिडित परिवार वेहालको अवस्था थियो । अब उनि न्याय पाउने भएका छन । भारत र चिन दुबैका पक्षधर न बिरोधि हो हामी नेपाल पक्षधर हौ । नेपालको विकास दुबै संग मिलेर हुन्छ ।

स्थायी कमिटी सदस्य तथा संगठन बिभाग प्रमुख काशीनाथ अधिकारी,स्थायी कमिटी सदस्य तथा मधेस प्रदेश कमिटी इन्चार्ज ,लीलानाथ श्रेष्ठ,केन्द्रीय सदस्य तथा सर्लाही जिल्ला इन्चार्ज अजय कुमार गुप्ता , मधेस प्रदेश कमिटी अध्यक्ष चन्देश्वर मण्डल सहितका वक्ताले संगठनलाई सद्दढ गरेर आगाडी बढाउनु पर्ने कुरामा जोड दिएका थिए । सो अवसरमा केन्द्रीय रेखा झा, उधव रेग्मी र कुन्दन कुशवाहा, मधेस प्रदेस का सचिव आरती भण्डारी सहितका नेतावहरुको उपस्थिति रहेको थियो ।

नेकपा (एमाले) जिल्ला कमिटी,सर्लाही अध्यक्ष सचितानन्द साहको अध्यक्षतामा तुलसीलाल स्मृति सभा भवन गरुडामा भएको कार्यक्रममा जिल्लाका सवै वडा, नगर क्षेत्र र जिल्ला स्तरीय करिब ५ सय कार्यकर्ताको सहभागिता रहेको थियो ।

# अन्तर्जातीय विवाह गर्ने...

जातिय छुवाछुत रहेको अवस्थामा दुवै जना कलाकारले एउटा एतिहासिक काम गरेको भन्दै प्रसंसा गर्दै सरकारले दुवै जनालाई सम्मान र पुरस्कृत गर्नुपर्ने मांग गरेकी छन । दासले भनिन्, 'अभिनाश कुमार झा र अन्सा सदाको विवाह जातीय विभेदविरुद्धको एक साहसी कदम हो ।

यो विवाहले हाम्रो समाजलाई जातीय भेदभावको अन्त्य गर्न प्रेरणा दिएको छ । म प्रदेश सरकारसँग आग्रह गर्छु कि यो जोडीलाई मधेश सरकारले सम्मानजनक पुरस्कार प्रदान गरोस् । यसले समाजमा व्याप्त विभेदविरुद्धको लडाईँलाई थप सशक्त बनाउन मद्दत पुर्याउँछ ।'

माघ १४ गत चर्चित कलाकार अभिनाश कुमार झा उर्फ कलकतियाबाली र मुसहर समुदायकी अन्सा सदाले विवाह गरेर समाजमा व्याप्त जातीय विभेदको अन्त्य गर्ने साहसी प्रयास गरेका छन् । यस विवाहले मधेशमा जातीय समानताको सन्देश प्रवाह गर्दै सामाजिक परिवर्तनको प्रतीक बनेको छ ।

कलकतियाबाली आफ्नो कला र सांस्कृतिक योगदानका कारण पहिचान बनाएका व्यक्तित्व हुन् भने अन्सा सदा मधेशको सीमान्तकृत मुसहर समुदायको प्रतिनिधि हुन् । उनीहरूको विवाहले सामाजिक रूपान्तरणतर्फ एक महत्त्वपूर्ण सन्देश दिएको छ । यसले जातीय विभाजनलाई तोड्ने प्रयास गरेको छ ।

# बढ्यो धरहरा चढ्ने समय

**काठमाडौँ ।**
गर्मी बढेसँगै धरहरा अवलोकनको समय पनि एक घण्टा बढाइएको छ । पुनःनिर्माणपश्चात् मङ्सिर ९ गतेदेखि सञ्चालनमा आएको धरहरा अवलोकनका लागि माघ १५ गतेदेखि एक घण्टा समय बढाइएको हो ।

यही माघ १४ गतेसम्म ३ः१५ बजेसम्म मात्र धरहरा चढ्न टिकट काट्ने गरिएको थियो । अहिले समय थप गरी ४ः१५ बजेसम्म टिकट काट्ने पाइने र साँझ ५ बजेसम्म चढ्न पाइने आयोजनाका कायम मुकायम निर्देशक प्रकाश अर्यालले जानकारी दिए । उनका अनुसार सञ्चालनको तीन महिना नपुग्दै प्रवेश शुल्कबापत एक करोड ५२ लाख रुपैयाँ राजस्व सङ्कलन भएको छ ।

मङ्सिर ९ गतेदेखि सर्वसाधारणलाई शुल्कसहित खुला गरिएका ऐतिहासिक धरहराबाट माघ २४ गते बिहीबारसम्ममा टिकट बिक्रीबापत यो रकम सङ्कलन भएको निर्देशक अर्यालले बताए । प्रत्येक बुधबार धरहरा बन्द रहने भन्दै अन्य दिन यहाँ आउने नागरिकको संख्या दैनिक एक हजार दुई सयको हाराहारीमा रहेको उनले जानकारी दिए ।

पछिल्लो समय छिमेकी मुलुकका पर्यटक पनि धरहरा अवलोकन गर्न आउने गरेका छन् । धरहरा चढ्न प्रतिव्यक्ति दुई सय रुपैयाँ शुल्क तोकिएको छ । विद्यार्थी, ज्येष्ठ नागरिक, बालबालिका, अपाङ्गता भएका व्यक्तिलाई ५० प्रतिशत छुटको व्यवस्था गरिएको छ ।

सार्क राष्ट्रबाट आउने पर्यटकलाई प्रतिव्यक्ति पाँच सय रुपैयाँ र सार्कबाहेकका राष्ट्रबाट आउनेलाई प्रतिव्यक्ति एक हजार रुपैयाँ शुल्क अर्यालले बताए । उनका अनुसार विशिष्ट संरचना सञ्चालन तथा व्यवस्थापन विकास समिति (गठन) आदेश, २०८१ बमोजिम शुल्क लिइ धरहरा सञ्चालनमा ल्याइएको हो । मङ्सिर ६ गतेको मन्त्रिपरिषद् बैठकले धरहरा खुला गर्ने र शुल्क स्वीकृत गर्ने निर्णय गरेको थियो ।

यो स्थानमा पार्किङ गर्दा चारपाङ्ग्रे सवारीका लागि प्रतिघण्टा २० रुपैयाँ र दुईपाङ्ग्रे सवारीका लागि १० रुपैयाँ तोकिएको छ । धरहरा परिसरमा प्रवेशका लागि ५० रुपैयाँ निर्धारण गरिएको छ ।

धरहरा स्तम्भमा राष्ट्रिय महत्वका विज्ञापन गर्न प्रतिघण्टा पाँच हजार रुपैयाँ तोकिएको छ भने व्यावसायिक भिडिओ छायाङ्कनका लागि प्रतिघण्टा पाँच हजार रुपैयाँ र फोटोग्राफीका लागि प्रतिघण्टा एक हजार रुपैयाँ तोकिएको निर्देशक अर्यालले उल्लेख गरे । रासस

# बागमती पुलको बिम चर्किएपछि मर्मत थालियो



**मधेशदृष्टि**
**चन्द्रपुर ।**
पूर्वपश्चिम महेन्द्र राजमार्गअन्तर्गत रौतहट र सर्लाही जिल्लाका बीचमा रहेको बाग्मती नदीको पुल मर्मत थालिएको छ । डिभिजन सडक कार्यालय चन्द्रनिगाहपुरले डेढ किलोमिटर ड्राइभर्सन बनाएर पुल मर्मत सुरुआत गरेको हो । केही दिन अगाडि पुलको बिम (गिर्डर) चर्किएको थियो । पुलको पूर्वतर्फ ४ र ५ नम्बरको स्परमाथि जडान गरिएको बिम झण्डै आठ सेन्टिमिटर चर्किएको कार्यालयका प्रमुख अरुणकुमार कर्णले जानकारी दिएका छन् । यही माघ २६ गते डाइभर्सन बनाएर २८ गतेदेखि पुल मर्मतको काम थालिएको उनले जानकारी दिए । करिब ५५ वर्षअघि नेपाल सोभियत सङ्घ सहयोगअन्तर्गत निर्माण भएको वाग्मती नदी पुलको चार–पाँच नम्बर स्परको बीचमा रहेका बिममा रहेको बेरिङ राख्ने 'प्याडेस्टल' कङ्क्रिट फुटेको उनले बताए । पुलमा आधुनिक प्रविधिबाट उच्च गुणस्तरको कङ्क्रिट हालेर ढलान गरिने काम भइरहेको प्रमुख कर्णले बताए । यही बेला अन्य बिमको पनि सरसफाइ तथा बेरिङ र कङ्क्रिटको अवस्था हेर्ने उनले बताए । आगामी फागुन २ गतेभित्र पुल सञ्चालनमा ल्याउनेगरी काम भइरहेको उनले जानकारी दिए ।
चौबिसै घण्टा व्यस्त रहने पुलको यथाशीघ्र मर्मत गरेर पुलबाट सवारी सञ्चालन गराउने लक्ष्य लिएको उनले बताएका छन् । पुलको ४–५ नम्बर स्पानको बीचमा बिम चर्किएर समस्या आएपछि पुल महाशाखाको टोली आएर स्थलगत निरीक्षण गरेर दिएको सुझावका आधारमा मर्मत शुरु गरिएको उनको भनाइ छ । सम्भवतः फागुन २ गतेदेखि पुलबाट सवारी सञ्चालनमा आउने उनले जानकारी दिए । माघ २५ गते सडक डिभिजन कार्यालयले पत्रचार नै गरेर २७ गतेदेखि सवारी आवागमनमा रोक लगाइएको थियो । पुलको बिम चर्किएपछि सवारी आवागमन थप जोखिमपूर्ण बनेको थियो ।

# सप्तरीमा चार अर्ब रुपैयाँ लगानीमा छ वटा उद्योग खोलिँदै

**मधेशदृष्टि**
**सिरहा ।**
सप्तरीको सुरुङ्गा नगरपालिका–३ स्थित लक्ष्मीनगरमा 'बिग इन्डस पदमनगर' औद्योगिकग्राम स्थापना गरिने भएको छ । व्यवसायी वीरेन्द्र न्यौपानेका अगुवाइमा दुई वर्षभित्र चार अर्ब लागतमा १४ बिघा क्षेत्रफलमा छ वटा उद्योगको निर्माण हुने जनाइएको छ । पूर्वप्रधानमन्त्री तथा नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का सम्मानित नेता झलनाथ खनालले सोमबार उक्त 'बिग इन्डस पदमनगर'को शिलान्यास गर्दै यसले देशको उद्योग क्षेत्रमा योगदान पुर्याउने विश्वास व्यक्त गरे । 'यो एक ऐतिहासिक परियोजना हो । मुलुकलाई माया गर्ने र उद्योगधन्दामार्फत देशलाई समृद्धितर्फ लैजान यस औद्योगिक क्षेत्रले महत्त्वपूर्ण योगदान दिने छ भन्ने मैले विश्वास लिएको छु', नेता खनालले भने, 'निजी क्षेत्रले धेरै काम गर्न सक्छन् र देशभक्त उद्यमीले देशमै उद्योगधन्दा सञ्चालन गरी रोजगार सृजना गर्न सक्षम छन् भन्ने यो एउटा उदाहरण हो ।' उनले देशभित्रै



उद्योगधन्दा सञ्चालन गरी बेरोजगारीको समस्या समाधानसहित युवाहरूको बढ्दो विदेश पलायन रोक्न सकिने विचार व्यक्त गरे । विभिन्न निर्माण कम्पनी सञ्चालक तथा हाइड्रोपावर व्यवसायीसमेत रहेका 'बिग इन्डस पदमनगर'का सञ्चालक स्थानीयवासी न्यौपानेले आफ्ना हजुरबुबा पदमबहादुरले सामाजिक क्षेत्रमा पुर्याएको योगदानलाई चिरस्थायी बनाउन आफ्नै जन्मभूमिको माटो सुहाउँदो छ उद्योग स्थापना गर्न लागेको जानकारी दिए ।' 'देश विदेशमा ठूला प्रोजेक्टमा काम गर्दैगर्दा स्वदेशमा पनि केही गर्ने हुटहुटीका कारण यहाँको माटो सुहाउँदो उद्योग सञ्चालनका लागि सोचेर निर्णय लिएको हुँ । हरेकपटक गाउँ आउँदा स्थानीयले आफ्नो जन्मथलोका लागि पनि कुनै काम गरिदिनुपर्यो भन्नुहुन्थ्यो', शिलान्यास समारोहमा उनले भने, 'यसबाट यहाँका दाजुभाइ दिदीबहिनीलाई प्रत्यक्ष लाभ पुग्ने विश्वास लिएको छु ।'
उनका अनुसार आँप, फर्सी, कटहर, तरबुजालगायत फलफूलको जुस प्याकेट बनाउन 'पल्प' उद्योग निर्माण गरिने छ । आँपको समयमा किसानले उत्पादन गरेका आँप दिनको १० ट्रकका दरले खरिद गरिने छ ।
यसबाट यहाँका किसानले आँपको बजार र मूल्य नपाउने समस्या समाधान हुने उनले बताए । त्यसैगरी, दुई हजार मेट्रिक टनको 'कोल्ड स्टोरेज' स्थापना गरी किसानले उत्पादन गरेका कृषिजन्य वस्तुको बिक्रीका लागि हुने समस्या हटेर जाने सञ्चालक न्यौपानेको भनाइ छ । उनका अनुसार भारतीय पेट्रोलियमसँगको सहकार्यमा 'लुब्रिकेन्ट्स' उत्पादन गर्ने उद्योगको पनि स्थापना गरिने छ । त्यसैगरी, अन्य उद्योगमा सिसा र बोटल उद्योग, 'बिटुमिन'का पेन्टस् उद्योग र सौर्य प्लान्टबाट तीन मेगावाट विद्युत् उत्पादन गरी राष्ट्रिय ग्रिडमा जोड्नेगरी उद्योगको संरचना निर्माण र सञ्चालन गर्न करिब दुई वर्षको समय लाग्ने उनले बताए । 'त्यसले पाँच सय जनालाई प्रत्यक्ष र पाँच हजार परिवारलाई अप्रत्यक्ष रोजागारीको अवसर सृजना हुन्छ', सञ्चालक न्यौपानेले भने । सोही क्रममा सुरुङ्गा नगरपालिकाका प्रमुख गीता चौधरीले उद्योग स्थापनापछि यस क्षेत्रका जनता प्रत्यक्ष रूपमा लाभान्वित हुने भन्दै खुसी व्यक्त गरे । उनले यस ठाउँमा उद्योग स्थापनापछि सुरुङ्गाको नाम उचाइमा पुग्ने विश्वास व्यक्त गरे । पालिकाका तर्फबाट उद्योग सञ्चालनमा आवश्यक सहयोग गर्ने प्रतिबद्धता पनि उनले जनाए । परियोजनाका प्रबन्धक भीष्म रेग्मीका अनुसार यस यौद्योगिक क्षेत्रको सबै संरचना निर्माणका लागि चार अर्ब रुपैयाँ लागत अनुमान रहेको छ ।

# जनमतको आँखा शिविरबाट २२ सय ६० बढी लाभान्वित



**मधेशदृष्टि**
**वीरगंज ।**
जनमत पार्टी, पर्साको लोककल्याणकारी अभियान अन्तर्गत चलिरहेको निशुल्क आखा शिविर अन्तर्गत पर्साको बिन्दवासिनी गाउँपालिका वडा न.३ झौवा र वीरगंज वा नम्बर –२१ परवानीपुरमा १६ औं र १७ औं शिविर सम्पन्न भएको छ । मंगलबार झौवाको शिविरमा ३५४ जना लाभान्वित भएका छन् भने १२० जनामा मोतियाबिन्द भेटिएको छ । त्यसैगरी परवानीपुरमा सम्पन्न शिविरमा ६१ जनाले चेकजाँच गराउदा १९ जनामा मोतियाबिन्द भेटिएको जनमत पार्टी पर्साका अध्यक्ष ओमप्रकाश सरार्फले जानकारी गराए । मोतियाबिन्दु भएकाहरुको शल्यक्रिया वीरगंज सामुदायिक आँखा केन्द्रमा निशुल्क रुपमा गरिने अध्यक्ष सरार्फले बताए । बिन्दवसिनिको कार्यक्रम पालिका अध्यक्ष ललन(बिनोद) चौरसियाको अध्यक्षतामा र परवानीपुरको कार्यक्रम वडा नम्बर –२२ का इकाई अध्यक्ष बिष्णु कुशवाहाको अध्यक्षतामा सम्पन्न भएको छ । कार्यक्रममा जिल्ला अध्यक्ष ओमप्रकाश सरार्फ, नेताहरू सुजित चौरसिया, रामबाबु चौरसिया, महेश चौरसिया, युवा नेताहरु उदय यादव, संजय सिह, लोकेश कर्ण लगायतको सक्रिय सहभागिता रहेको थियो ।
हाम्रो अभियानबाट अहिलेसम्म २२ सय ६० भन्दा बढी जनसमुदाय लाभान्वित भएका छन भने ५५६ भन्दा बढीको मोतियाबिन्दुको शल्यक्रिया सफलतापूर्वक सम्पन्न भएको जिल्ला अध्यक्ष सरार्फले उल्लेख गरे ।

# सवारी दुर्घटनामा शिक्षकको मृत्यु

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषामा सवारी दुर्घटनामा एक शिक्षकको मृत्यु भएको छ । मिथिला नगरपालिका–४, पुष्पवलपुरका पूर्णबहादुर विश्वकर्माको सवारी दुर्घटनामा मृत्यु भएको प्रहरीले जनाएको छ ।
उनी स्थानीय राष्ट्रिय आधारभूत विद्यालयका शिक्षक थिए । इलाका प्रहरी कार्यालय महेन्द्रनगरका प्रहरी निरीक्षक सोनुकुमार साहका अनुसार सोमबार राति करिब ९ बजे जनकपुरबाट ढल्केबरतर्फ आउँदा उनले चलाएको मधेश प्रदेश ०२ ००७ प ५०२० नम्बरको स्कुटी मिथिला नगरपालिका–२, नक्टाझिजमा दुर्घटनामा परेको थियो । दुर्घटनामा गम्भीर घाइते भएका विश्वकर्माको उपचारका क्रममा निधन भएको हो । मृतकको शव पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल जनकपुरमा राखिएको छ । उनले विश्वकर्मा सवार स्कुटीलाई ठक्कर दिएको आशङ्कामा बा. १८ च. ८७६८ नम्बरको स्कारपियोलाई प्रहरीले नियन्त्रणमा लिएको जानकारी दिए । शिक्षक विश्वकर्माको निधनप्रति शोक व्यक्त गर्दै मिथिला नगरपालिकाका सम्पूर्ण सामुदायिक र संस्थागत विद्यालयमा मङ्गलबार एक दिन शोक बिदा दिइएको छ । नगरपालिकाको शिक्षा शाखाले जारी गरेको सूचनामा दिवङ्गत शिक्षकप्रति श्रद्धाञ्जली व्यक्त गर्दै विद्यालय बन्द रहने जानकारी दिएको छ ।

# चन्द्रपुरमा स्कर्पियो र ट्रक ठोक्किँदा पाँच जना घाइते

**मधेशदृष्टि**
**रौतहट ।**
जिल्लाको चन्द्रपुर नगरपालिका–५ स्थित पूर्वपश्चिम राजमार्गको चाँदी पुलमा मंगलबार बिहान स्कर्पियो र मालबाहक ट्रक एकआपसमा ठोक्किँदा पाँच जना घाइते भएका छन् । घाइतेमध्ये एक जनाको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ ।
ना ४ च ३६९४ नम्बरको स्कर्पियो चन्द्रनिगाहपुरबाट सर्लाही जाँदै गर्दा विपरीत दिशाबाट आउँदै गरेको बा प्र ०१–००६ ख ५७२९ नम्बरको ट्रकसँग ठोक्किएको थियो । जिल्ला ट्राफिक प्रहरी कार्यालय चन्द्रनिगाहपुरका प्रहरी निरीक्षक लोकेन्द्र अधिकारीका अनुसार बाराको सिम्रौनगढ नगरपालिका–७ का सन्तोष कुशवाहाको टाउको र निधारमा गम्भीर चोट लागेको छ । उनको अवस्था चिन्ताजनक रहेकाले थप उपचारका लागि काठमाडौं रेफर गरिएको छ । अन्य घाइतेहरूमा मौलापुर नगरपालिका–३ का सुदिपकुमार यादव, दुर्गा भगवती गाउँपालिका–५ का प्रशान्त ठाकुर, बौधीमाई नगरपालिका–३ का स्कर्पियो चालक रामविनोद महतो र प्रदीप कुशवाहा रहेका छन् । घटनामा घाइतेहरूको निधार, हात, आँखा र टाउकोमा चोट लागेको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका प्रहरी निरीक्षक विशाल तामाङले जानकारी दिए । चार जनाको चन्द्रपुर अस्पतालमा उपचार भइरहेको छ । घटनापछि दोलखा जिरी नगरपालिका–४ का ट्रक चालक फुरी तामाङलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

# बाराबाट ५५ केजी गाँजा बरामद

**मधेशदृष्टि**
**वीरगंज ।**
बारा प्रहरीले लागूऔषध गाँजा सहित मोटरसाईकल नियन्त्रणमा लिएको छ ।
विशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय अमलेखगंजबाट प्रहरी बरिष्ठ नायब निरिक्षक टेक बहादुर कार्कीको कमाण्डमा खटिएको प्रहरी टोलीले जीतपुर सिमरा उपमहानगरपालिका वडा न. २१ अमलेखगंज चोक स्थितमा हेटौंडाबाट वीरगंजतर्फ आउँदै गरेको नम्बर नखुलेको मोटरसाईकलमा सवार प्रहरीलाई देख्नसाथ झोला फालेर फरार भएको र उक्त झोला खोली हेर्दा लागूऔषध गाँजा २८ के.जी बरामद गरिएको हो ।
त्यसैगरी हेटौंडाबाट बीरगंजतर्फ आउँदै गरेको बा. प्र ०२–०४४ प ६७५५ नम्बरको पल्सर मोटरसाईकलमा सवार २ जना व्याक्ति प्रहरी टोलीलार्य देख्नसाथ झोला र मोटरसाईकल फाली फरार भएको थियो ।
उक्त झोला खोलीबाट २७ किलो ९० ग्राम लागूऔषध गाँजा बरामद भएको प्रहरीले जनाएको छ । प्रहरीले दुवै घटनाबाट ५५ किलो लागूऔषध गाँजा, आईफोन एक थान र एक थान मोटरसाइकल बरामद गरेको छ ।

# ठोरीमा पुरुषको शव फेला

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा जिल्लाको ठोरी गाउँपालिका वडा नम्बर ५ स्थित बाघमोर्चा पुलको दक्षिणमा भारतीय सीमाना नजिक मंगलबार बिहान हत्या गरिएको अवस्थामा एक पुरुषको शव फेला परेको छ । स्थानीयले झाडीमा शव देखेपछि प्रहरीलाई खबर गरेका थिए । इलाका प्रहरी कार्यालय ठोरीका निरीक्षक रन्जित लामाका अनुसार मृतक भारतको पश्चिमी चम्पारण मानपुर थाना अन्तर्गत चौहाटा निवासी ४५ वर्षीय राजदेव माझि रहेको पुष्टी भएको छ । घटनास्थलमा मृतकको साथबाट मोबाइल र डायरी बरामद भएको छ । घटनाको प्रकृति हेर्दा हत्या गरी शव फालिएको आशंका गरिएको छ । जिल्ला प्रहरी कार्यालय पर्साले घटनाको थप अनुसन्धान जारी रहेको जानाएको छ ।


## निक्षेप तथा कर्जाको ब्याज दर

फाल्गुन १, २०८१ देखि लागु

| खाताका प्रकारहरु | न्युनतम मौज्दात | वार्षिक ब्याजदर |
|---|---|---|
| कर्पोरेट सेभिङ खाता | रु.१,००० /- | ३.४०% |
| कर्पोरेट प्याट्रोन | रु.१५,०००/- | ४.६०% |
| कर्पोरेट हाईयर सेभिङ | रु.५,०००/- | ४.२५% |
| कर्पोरेट सिनियर सेभिङ | रु.१,००० /- | ४.००% |
| कर्पोरेट नारी बचत | रु.१,००० /- | ४.००% |
| कर्पोरेट स्टुडेन्ट सेभिङ | रु.५०० /- | ४.००% |
| कर्पोरेट फास्ट ट्र्याक | रु.१०,०००/- | ४.५०% |
| कर्पोरेट बाल बचत | रु.१,००० /- | ४.००% |
| कर्पोरेट सुपर सेभिङ | रु.२५,०००/- | ५.००% |
| कर्पोरेट गोल्डेनसेभिङ | रु.५०,०००/- | ५.४०% |
| ३ वर्षे रेकरिङ खाता | रु.१,००० /- | ६.००% |
| ५ वर्षे रेकरिङ खाता | रु.१,००० /- | ६.२५% |
| ५ वर्षभन्दा माथिको रेकरिङ खाता (फिक्स्ड समेत) | रु.१,००,००० /- | ६.५०% |
| कर्पोरेट फिक्स्ड रिटर्न | रु.१,००,०००/- | ७.००% |
| कर्पोरेट फिफ्टी फिक्स्ड | रु.१,००,०००/- | ६.००% |
| कर्पोरेट प्रोभिडेन्ड फन्ड | रु.१,००० /- | ६.२५% |

### फिक्स्ड डिपोजिट

| फिक्स्ड डिपोजिटका प्रकार | न्युनतम मौज्दात | वार्षिक ब्याजदर | |
|---|---|---|---|
| | | व्यक्तिगत घटीमा ३ महिना | संस्थागत घटीमा ६ महिना |
| कर्पोरेट जेनरल फिक्स्ड डिपोजिट | १०,००० | ६.२५ % | ५.२५ % |
| कर्पोरेट फिक्स्ड डिपोजिट | २५,००० | ६.५० % | ५.५० % |
| कर्पोरेट सुपर फिक्स्ड डिपोजिट ५ बर्षभन्दा माथि | १,००,००० | ६.५० % | ५.५० % |
| फिक्स्ड डिपोजिट ३-२४ महिना | १००,००० | ७.००% | ६.००% |
| प्रिमियम फिक्स्ड डिपोजिट ६-२४महिना | ५,००,००० | ७.१०% | ६.१०% |
| स्पेशल फिक्स्ड डिपोजिट १० महिना | १०,००,००० | ७.५०% | ६.५०% |

**नयाँ/सकृय वर्गकोकर्जा तर्फ :**
कृषि कर्जाको ब्याज दर बेस रेटमा + २.००%सम्म ।
प्राईम कर्जाको ब्याज दर बेस रेटमा +१.५०% देखि ३.५०%सम्म ।
अन्य कर्जाको ब्याज दर बेस रेटमा + २.००% देखि ४.००%सम्म ।
मुद्दति निक्षेपमा कर्जाको ब्याज दर कुपन/बेस रेटमा +२.००%(जुन बढी छ)।
**फिक्स्ड ब्याज दर (घर/हायपर्चेज/ब्यक्तिगत वा टर्म कर्जा )**
१५ वर्षसम्मको आवधिक कर्जामा बेस रेटमा + ४.५०% सम्म ।
**बेस रेट ९.५६% (तीन महिनाको औसत)**

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend

प्रधान कार्यालय : गीता मंदिर रोड, बिरगंज
फोन नं ०५१– ५३१०३१
शाखा कार्यालय, बसपार्क (बाईपास) बिरगंज ड्राईपोर्ट, श्रीसिया, बिरगंज । टेडारोड, चोर्नी, (जीतपुर) ।

## सम्पादकीय

# विवादास्पद स्थानीय तहको वितरणमुखी कार्यक्रम

*स्थानीय तहको वितरणमुखी कार्यक्रमले समाजमा द्वन्द्व मात्रै बढाइरहेको देखिएको छ । यसले कतै मुठभेड़को अवस्था पो हुन्छ कि भन्ने संशयसमेत खडा गरेको छ । सस्तो लोकप्रियताका लागि विभिन्न पालिकाका नगर प्रमुखहरुले नगरस्तरीय बजेटबाट वितरणमुखी कार्यक्रम गरिरहँदा यस्तो प्रश्न उब्जिएको हो । रौतहटको गरुडा नगरपालिका, वडा नम्बर–६, अमरपट्टीमा भएको सिरक वितरण कार्यक्रमले पनि यस्तै अवस्था देखाएको छ । यो कार्य जनप्रतिनिधिको जनमुखी कार्य हो तर प्रश्नैप्रश्नले झन समस्या भइरहेको छ । सिरक वितरणका नाममा जनतामा बढेको असन्तुष्टि समाधानमा पालिका प्रमुखहरुले समयमा उपचार खोज्न जरुरी देखिएको छ । अमरपट्टी गाउँमा मेयर कन्थमणि जयसवालले आइतबार गरिब, विपन्नका सट्टा हुनेखानेलाई सिरक–कम्बल वितरण गरेको भनेर स्थानीयले विरोध गरेका छन् । यति मात्र होइन, जनताले मेयर जयसवाललाई घेरेपछि उनले गरेको राम्रो काममा पनि नराम्रो नतिजा देखिएको हो । सुखी, सम्पन्न तथा आफ्ना निकटलाई मात्र जाडोमा सिरक बाँड्न थालेपछि स्थानीय आक्रोशित भएका हुन् । उनीहरुले करिब ३ घण्टासम्म मेयर जयसवाललाई विरोध जनाउँद अवरोध गरेका थिए ।*

*गरिब, निमुखा तथा विपन्न परिवारलाई बाइपास गरेर एउटै घरका ५ जनालाई सिरक दिन थालेपछि थप विवाद उत्पन्न भएको स्थानीय सुरेश जयसवालले जानकारी गराए । केहीबेरसम्म अवस्था तनावग्रस्त बनेको थियो । पछि इलाका प्रहरी कार्यालय शिवनगरबाट गएको टोलीले स्थिति साम्य पारेको थियो । सिरक नबाँडी नगरपालिकाको टोली फिर्ता गएपछि आक्रोशित स्थानीय शान्त भएका थिए । जनताको भिडबाट पछि प्रहरीले नगर प्रमुख जयसवाललाई स्कर्टिङ गरेर पठाउनु परेको थियो । यसरी जनताको आक्रोशमा जनप्रतिनिधि पुग्नु पनि राम्रो होइन । सामान्य सिरक डस्ना वितरणमै यस्तो असन्तुष्टि बढेर बाक्लो संख्यामा प्रहरी र नगर प्रहरी परिचालन गरिनु पक्कै राम्रो सन्देश होइन । स्थानीयले वास्तविक पीडित, गरिब, विपन्न, एक घर एक सिरक बाँड्न आग्रह गरेका हुन् । यसो भनिरहँदा जनप्रतिनिधिले पनि आफ्नो काम कति पारदर्शी र निष्पक्ष छ भनेर अनुगमन गर्न, आफ्नो कार्यसम्पादन टोलीको भूमिका हेर्न जरुरी छ । मेयर नै गएको कार्यक्रममा समेत यसरी प्रश्न उठ्नु पक्कै सुशासन र जनप्रतिनिधिको काममा कैफियत हो । गाउँमा झैझगडा हुने स्थिति बन्नु, दलित, गरिब तथा विपन्न परिवार नै वितरणबाट असन्तुष्ट बन्नु पक्कै कहीँ न कतै कैफियत भएकै हुनुपर्छ ।यसअघि पनि सिरक तथा दाउरा वितरण कार्यमा गरूडाको दलित बस्तीलाई बाइपास गरेर मेयर जयसवालले वितरण गरेको दलित बस्तीका पीड़ित परिवारले आरोप लगाएका थिए । नगरप्रमुख कन्थमणि जयसवालले कम्बल र सिरक वितरणमा काखापाखा गरेको तथा आफ्ना नजिककालाई मात्र प्राथमिकतामा राखेर वितरणमुखी कार्यक्रम सञ्चालन गर्दै आएको पीडितहरुको भनाइ छ । रौतहटको गरुडा नगरपालिका मात्र नभएर अन्य अधिकांश पालिकाले त्यस्ता विभिन्न वितरणमुखी कार्यक्रम सञ्चालन गरिरहँदा नजिककालाई मात्र उपलब्धी हुने गरेको देखिएपछि समाजका सचेत नागरिकले विरोध गरिरहेका छन् । जनप्रतिनिधिकै कारण समाजमा द्वन्द्व सिर्जना हुनु राम्रो होइन । जनता सचेत भएपछि जनप्रतिनिधिले गरेका काममा प्रश्न गर्छन्, अवरोध गर्छन्, सबैको प्रिय भएर काम गर्नु जनप्रतिनिधिको दायित्व हो ।*

# सरकारको ‘ड्रिम प्रजेक्ट’ धौवादी फलाम खानी

राजेन्द्र विष्ट

सरकारले नवलपुरको हुप्सेकोट, बुलिङ्टार र बौद्धकालिका गाउँपालिकामा रहेको धौवादी फलाम खानीलाई ‘ड्रिम प्रजेक्ट’का रूपमा अगाडि बढाउन तयारी थालेपछि स्थानीय बासिन्दा, जनप्रतिनिधि र उद्योगी–व्यवसायी उत्साहित भएका छन् ।

फलाम खानी सञ्चालन हुन सकेमा देशकै अर्थतन्त्रमा ठूलो योगदान पुग्ने भन्दै उनीहरूले यस परियोजनालाई छिटो कार्यान्वयनमा ल्याउन आग्रह गरेका छन् ।

हुप्सेकोट गाउँपालिकाका अध्यक्ष लक्ष्मी पाण्डेले सबैभन्दा बढी यो खानी हुप्सेकोटका जनताको जीवनसँग जोडिएकाले यथाशक्य सञ्चालनको माग गरे । धौवादी फलाम खानी सञ्चालनमा तीनै तहका सरकारका साथै निजी क्षेत्रको समन्वय आवश्यक रहेको बताउँदै उनले भने, ‘खानी सञ्चालनमा स्थानीयस्तरमा आइपर्ने समस्या समाधान तथा आवश्यक अन्य सहयोगका लागि गाउँपालिकाको साथ र सहयोग रहनेछ ।’

नवलपुर क्षेत्र नं २ का पूर्वसांसद तिलक महतले उक्त फलाम खानी उत्खननका विषयमा जनतामा समान तथा सकारात्मक धारणा रहेको जनाउँदै नवलपुरका जनताको पूर्ण साथ, समर्थन र सहयोग रहेकाले सरकारले द्रुत गतिमा खानी सञ्चालनमा ल्याउनुपर्ने बताए ।

उनले सो खानी उत्खननको काम सुरु गरिए कम्तीमा पाँच हजार जनशक्तिले रोजगारी पाउने र यो आयोजनाले मुलुकको व्यापार घाटा कम गर्ने बताए । ‘यो आयोजना नेपालको गौरवको आयोजना हो, यसले देशको अर्थतन्त्रमा आमूल परिवर्तन मात्र ल्याउँदैन, यसले खर्बौंको बाहिर मुलुकबाट भइरहेको फलामको आयातलाई निरुत्साहित गर्छ, यो हामी नवलपुरवासी मात्र नभई देशकै लागि खुसीको कुरा हो’, उनले भने ।

रुद्रसेन राजाका पालादेखि सो फलाम खानी सञ्चालनमा भएको इतिहास रहेको छ । गण्डकी प्रदेशको पूर्वी नवलपरासीमा पर्ने हुप्सेकोट, बुलिङ्टार र बौद्धकालिका गाउँपालिका क्षेत्रमा ४१ वर्ग किलोमिटरमा फलाम रहेको तथ्य फेला परेपछि उत्खननका लागि विस्तृत अध्ययन गरिसकिएको छ । उक्त खानी क्षेत्र पूर्व–पश्चिम राजमार्गको मध्यविन्दुमा रहेको छ ।

संविधानसभा सदस्य एवं गण्डकी प्रदेशका पूर्वमन्त्री तथा वर्तमान प्रदेशसभा सदस्य रोशन गाहाले धौवदी फलाम खानी उत्खनन नेपालको समुन्नतिका लागि अहिलेको आवश्यकता भएको बताए ।

उनले भने, ‘धौवादी फलाम खानीको उत्खनन देशका लागि आवश्यकता मात्र होइन, जनताको समृद्धिको गौरवको आयोजना हो, प्राविधिक रूपमा अध्ययन सकिएको छ, देशको मध्यभागमा भएकाले पायक पर्ने ठाउँ छ, यहाँको फलाम पनि राम्रो छ, यो फलामले देशको आम्दानी पनि राम्रो हुन्छ ।’

यो फलाम खानी सिङ्गो देश र जनताको हितमा रहेको आयोजना भएकाले द्रुत गतिमा सञ्चालन हुनुपर्ने बताए ।

प्रदेशसभा सदस्य गाहाले मगर समुदायको बसोबास रहेको सो फलाम खानी क्षेत्रको बस्तीलाई व्यवस्थित गरी केरङ्गे, बौलाहा, पत्थर, झरइलगायत खोलाको व्यवस्थित तटबन्धन तथा नियन्त्रण गरेर खानी उत्खनन गर्नुपर्नेमा जोड दिए ।

उनले देशभरका अन्य आयोजना तथा परियोजनाका तुलनामा बस्ती सार्न तथा खेतीयोग्य जग्गाको प्रयोग अत्यन्त कम मात्र पर्ने भएकाले न्यून क्षतिमा यो गौरवको आयोजना सञ्चालन गर्न सकिने जानकारी दिए । महाभारत शृङ्खलामा रहेको यो खानी सञ्चालनले मुलुकमा हुने फलामको आयातलाई विस्थापन गर्न सकिने उनको भनाइ छ ।

नेपाललाई फलाममा आत्मनिर्भर बनाउन प्रधानमन्त्री केपी शर्मा ओलीले विशेष चासो व्यक्त गरेपछि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले धौवादी फलाम खानीलाई सरकारको ‘ड्रिम प्रोजेक्ट’कै रूपमा अगाडि बढाउन पहल थालेको हो । सरकारी तवरबाटै सो खानी उत्खनन गर्न कम्तीमा ५ वर्षको समय लाग्ने भएपछि सरकारले द्रुत गतिमा फलाम खानी सञ्चालनका लागि पहल थालेको हो ।

उद्योगमन्त्री दामोदर भण्डारीले उक्त खानीलाई द्रुत गतिमा सञ्चालनका लागि गर्नुपर्ने विभिन्न विकल्पका लागि परामर्श थाल्नाका साथै थाती कामलाई अगाडि बढाउन पहल थालेका छन् ।

सरकारले धौवादीलाई विशेष महत्त्व दिएर काम अगाडि बढाउन प्रक्रिया थालेको मन्त्री भण्डारीले जानकारी दिए । ‘सम्माननीय प्रधानमन्त्रीज्यूले यो परियोजनालाई विशेष महत्वका साथ लिनुभएको छ, फलाम आयातलाई प्रतिस्थापन गर्नका लागि धौवादीलगायत देशका अन्य फलाम खानीलाई उत्खनन गर्न उहाँको विशेष दृढता छ, धौवादी फलाम खानीको काम किन अगाडि बढ्न सकेन र यसका जटिलता समाधानका उपाय के हुन् खोजी गरेर समाधान गर्नुपर्ने छ’, उनले भने ।

धौवादी फलाम खानी उत्खननको काम द्रुत गतिमा अगाडि बढाउन सरकारले यसको स्वरूपलाई परिवर्तन गर्न खोजेको उनले जानकारी दिए ।

मन्त्री भण्डारीले भने, ‘धौवादीलाई सरकारले उद्योगका रूपमा स्थापना गरेपछि ५५ प्रतिशत सरकारको र निजी क्षेत्रको ४५ प्रतिशत शेयरको व्यवस्था गरेपछि यसमा आकर्षण बढ्न सकेन, सरकारको आफ्नै लगानीमा सम्भव छैन, त्यसैले यो खानी उत्खनन गर्न निजी क्षेत्रको विशेष आकर्षणका लागि सरकारले पहल बढाएको छ ।’

उनले अहिलेकै गतिमा धौवादीको काम अगाडि बढाउँदा वर्षौं लाग्ने भएकाले सरकारले द्रुत गति दिन विकल्प खोजिरहेको र छिट्टै त्यो समाधान हुने बताए । केही दिन पहिला फलाम खानीसँग सम्बन्धित भारतलगायत नेपालका विज्ञ तथा सरोकारवालाबीच धौवादी फलाम उद्योग द्रुत सञ्चालनका विषयमा राय, सुझाव लिइएको जानकारी दिँदै मन्त्री भण्डारीले यो खानी उत्खननका लागि सार्वजनिक–निजी साझेदारी ‘मोडेल’मा लैजानुपर्ने सुझाव प्राप्त भएको सुनाए ।

उनका अनुसार सरकारले सो खानी उत्खननका लागि निजी क्षेत्रलाई आह्वान गरिसकेको र निजी क्षेत्रको शेयर बढाउने विषयमा उद्योग मन्त्रालयले पहल थालेको छ ।

‘निजी क्षेत्रलाई आकर्षण गर्न सार्वजनिक खरिद ऐनलगायत केही कानुनमा जटिलता छ, ती कानुन परिमार्जन गरेर निजी क्षेत्रको आकर्षण बढाउने काम भइरहेको छ, निजी क्षेत्रको शेयर बढाउँछौँ र सरकारको शेयर घटाउँछौँ, अनि यसलाई हामी चाँडै अगाडि बढाउँछौँ’, मन्त्री भण्डारीले भने । उनका अनुसार सरकारको वर्तमान अनुमानअनुसार धौवादीको उत्खननमा ५२ अर्ब रुपैयाँ बजेट आवश्यकता पर्छ ।

उनले धौवादी उत्खननको प्रक्रिया अगाडि बढाउन सरकारले आगामी बजेट नपर्खिएर विकल्प खोज्ने बताए । उनले धौवादी उत्खननका प्रक्रिया द्रुत बनाउन छिट्टै यो विषयलाई मन्त्रिपरिषद् बैठकबाट पास गरिने जानकारी दिए । सरकारी प्रक्रियाबाट उक्त खानी उत्खननका प्रक्रिया लम्बिन जाने भएकाले निजी क्षेत्रमार्फत छिट्टै काम थालिने उनको भनाइ छ । साथै, मन्त्री भण्डारीले स्थानीय सरोकारवाला र जनप्रतिनिधिसहित धौवादी फलाम खानीको केही दिनअघि अवलोकन गरेका थिए ।

नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष कुशकुमार जोशीले राज्यको स्रोत पहिचान भएर परिचालन हुनुलाई सकारात्मक भएको बताए । उनले धौवादी फलाम खानीलाई सरकारले कम्पनीकै रूपमा खडा गरेर धेरै लगानी गरिसकेकाले यसको बजारीकरणमा निजी क्षेत्रलाई सम्मिलित गरेर नयाँ प्रविधि भित्र्याई काम अगाडि बढाउनुपर्नेमा जोड दिए ।

‘धौवादी फलाम खानीको सञ्चालनमा अब ढिलाइ गर्नु हुन्न, फलाममा मात्रै बर्सेनि राज्यको खर्बौं रकम बाहिर गइरहेको छ, यसको व्यावसायिकीकरण जरुरी छ, यो परियोजना जलविद्युत् कम्पनीभन्दा पनि ठूलो परियोजना हो, सरकार, समुदाय र निजी क्षेत्र एक भएर स्रोत परिचालन गरी छिटोभन्दा छिटो खानी सञ्चालन गर्नुको विकल्प छैन’, जोशीले भने ।

नवलपुर उद्योग वाणिज्य संघका अध्यक्ष वैकुण्ठप्रसाद अर्यालले धौवादी फलाम खानी द्रुत सञ्चालनका विषयमा यहाँका उद्योगी तथा व्यवसायीको समान धारणा रहेको बताए ।

उनले भने, ‘सरकारसँग धौवादी फलाम खानी यथाशक्य सञ्चालन गर्न बारम्बार हामीले माग गरिरहेका छौँ, हामीबाट सरकारलाई गर्नुपर्ने आवश्यक सहयोग गर्न हामी तयार छौँ, यहाँका जनताको पनि समान धारणा पनि यही हो ।’

उनले फलाम खानी सञ्चालनमा आए सिङ्गो नवलपुरको विकास हुनाका साथै स्थानीयको आयआर्जन तथा रोजगारीका सम्भावना पनि बढ्ने उनको भनाइ छ ।

कम्पनीका प्रमुख कार्यकारी अधिकृत डा.जनकबहादुर चन्दले आइरन तथा स्टिल उत्पादन गर्न आर्थिक र प्राविधिक रूपमा सम्भव देखिएको, ‘जिरो वेस्ट’ अवधारणा रहेको, विदेशी मुद्रा सञ्चित हुने, फलाम तथा फलामजन्य वस्तुको आयातमा एक चौथाइ हिस्सा कम हुने र भविष्यमा हाइड्रोजनको प्रयोग गरी हरित स्टिल उत्पादन गरिने बताए ।

उनका अनुसार उद्योग स्थापना भएसँगै दुई हजारदेखि दुई हजार ५०० जनाले प्रत्यक्ष र २० देखि २५ हजारले अप्रत्यक्ष रूपमा रोजगारी पाउने छन् ।

अध्ययनले परियोजनाको पुँजीगत लागत ५१ अर्ब २५ करोड रुपैयाँ लाग्ने प्रक्षेपण गरेको छ । उक्त क्षेत्रमा नौ करोड ९० लाख टन फलाम रहेकामा नौ करोड ६० लाख टन मात्र उत्खनन गर्न सकिने, आइरन÷स्टिल उत्पादन क्रममा उद्योगको डिआरआई (डाइरेक्ट रिड्युस आइरन) प्लान्टबाट करिब ७० मेगावाट विद्युत् उत्पादन हुने र उक्त क्षेत्रमा फलाम उत्पादन भएमा व्यापार घाटा प्रतिस्थापन गर्न सकिने डा.चन्दले बताए ।

कम्पनीका निर्देशक तथा भूगर्वविद् शैलेशकुमार थापाले हाल कम्पनीको विस्तृत सम्भाव्यता अध्ययन कार्य सम्पन्न भई खानी योजना कार्य सम्पन्न गरेर खानी तथा भू–गर्भ विभागमा स्वीकृतका लागि पेस भएको जानकारी दिए ।

उनका अनुसार जोखिम मूल्याङ्कन कार्य र सम्भाव्यता अध्ययनले औँल्याएका थप ‘कोर ड्रिलिङ’का लागि सम्झौताको चरणमा रहेको तथा वातावरणीय अध्ययन र विस्तृत परियोजना प्रतिवेदन तयार गरी खानी उत्खनन, प्रशोधन तथा फलामरस्टिल कारखाना निर्माणको व्यावसायिक उत्पादनको लक्ष्य राखिएको छ । रासस

# ओझेलमा मुस्ताङको लुरी गुम्बा



**रासस**

मुस्ताङको लोघेकर–दामोदरकुण्ड गाउँपालिका–४ मा पर्ने यारामा रहेको ऐतिहासिक महत्वको लुरी गुम्बा ओझेलमा परेको छ । धार्मिक, ऐतिहासिक महत्वका बारेमा प्रचारप्रसार अभावमा ओझेल परेको आठ सय वर्ष पुरानो गुफाभित्र रहेको गुम्बा संरक्षणको पनि पर्खाइमा छ । गुम्बाकी आनी थाक्पा ढोल्करका अनुसार तान्त्रिक बौद्ध धर्मसँग नजिक निङ्मापा सम्प्रदायको लुरीघाङ गुम्बा १२ औँ शताब्दीमा बनेको हो । समुद्री सतहबाट करिब चार हजार मिटर उचाइमा याराको पूर्वी कुनाको पहराको चेपमा रहेको लुरी गुम्बा अनौठो धार्मिक सम्पदा हो । गोरेटो र सिँढी हुँदै पहाडको बीच भागमा रहेको तीनवटा गुफामा रहेको गुम्बामा पुगिन्छ । आँगनमा पुग्ने बेलामा काठको भर्याङ राखिएको छ । गुम्बाको मुख्य भाग, लामाको तपस्यास्थल पहराभित्र छिरेको गुफामा रहेको छ । लुरी गुम्बाको छोर्तेन प्राकृतिक भएको आनी ढोल्करले बताए ।

आकर्षक भित्तेचित्र भएको छोर्तेनको वरपर परिक्रमा गर्न मिल्ने सानो भाग पनि छ । यहाँका चित्रहरू पन्ध्रौँ शताब्दीमा बनाइएको हो । पहराको ढुङ्गालाई नै थामको रूप दिई बनाइएकाले गुम्बामा भित्तेचित्र, पुस्तक, पुराना थाङ्का र पद्मसम्भवको मूर्ति रहेको छ । भुटानी कन्या विवाह गरेका तत्कालीन ल्होका राजाले आफ्नी पत्नीलाई खुसी पार्न लुरी गुम्बा बनाएको इतिहास छ ।

स्थानीयवासीले यसलाई लुरी कावुङ भन्ने गर्छन् । अर्को किंवदन्तीअनुसार यारागाउँमा जन्मिएका उड्ने सिद्ध पाएका कुन्छाङ झलु नाम गरेका लामाले तपस्या गरेर ज्ञान आर्जन गरेका थिए । गुम्बापारिको पहाडको चुचुरोलाई स्थानीयवासी कुन्छाङ झलु लामाको बासस्थान मान्ने गरेका छन् ।

मुख्य गुम्बाभन्दा केही तल पेयुङखोलाको किनारमा अर्को गुम्बा पनि बनाइएको छ । दुवै ठाउँको गुम्बामा नियमित पूजाआजा हुने आनी ढोलकरले बताए । लुरी गुम्बाको नजिकैको यारा र घारागाउँमा धर्मशाला र होटलको सुविधा छ ।

लोघेकर दामोदरकुण्ड गाउँपालिकाको केन्द्र चराङबाट ध्यखोला, ध्ये, सुर्खाङ, यारा हुँदै एक घण्टा सवारीसाधनको यात्रापछि पुगिने घारागाउँबाट २० मिनेटको पैदलयात्रा गरेपछि दामोदरकुण्ड जाने बाटोमै रहेको लुरी गुम्बा पुगिन्छ । लोमान्थाङबाट लुरी सर्किट पदमार्गको प्रयोग गरेर पनि यहाँ जान सकिन्छ । चराङबाट घारा जाने क्रममा ध्ये, सुर्खाङ र यारागाउँ, अनौठा आकृति भएको पहाड अवलोकन गर्न पाइन्छ ।लोघेकर दामोदरकुण्ड गाउँपालिका र गण्डकी प्रदेश सरकारले सडकबाट लुरी गुम्बा पुग्ने ढुङ्गाको सिँढी चिनेर पदमार्ग बनाएका छन् । गाउँपालिका र प्रदेश सरकारको रु १५–१५ लाख बजेटमा उकालोमा करिब तीन सय मिटर पक्की पदमार्ग निर्माण भएको वडाध्यक्ष पासाङ गुरुङले बताए । यस वर्ष सार्वजनिक शौचालय बनाउन रु पाँच लाख बजेट विनियोजन गरेको वडाध्यक्ष गुरुङले बताए ।

# प्रतिनिधिसभाः मन्त्रीहरुको सम्पत्ति विवरण सार्वजनिक गरिनुपर्ने माग

**काठमाडौँ ।**
प्रतिनिधिसभाको मंगलबारको बैठकमा शून्य समयमा बोल्ने सांसदहरुले जङ्गली जनावरको आक्रमण, सडक दुर्घटना, आगलागी, भ्रष्टाचारलगायतका घटना बढिरहेकोप्रति सरकारको ध्यानाकर्षण गराएका छन् ।
प्रतिपक्षी दल राष्ट्रिय स्वतन्त्र पार्टीका सांसदहरुले सरकारमा रहेका मन्त्रीहरुको सम्पत्ति विवरण सार्वजनिक गर्न पनि माग गरे । मंगलबारको बैठकमा बोल्दैँ सांसद अच्युतप्रसाद मैनालीले विद्यमान वन ऐनले जङ्गली जनावरको आक्रमणबाट पीडित हुनेलाई सरकारले राहत र क्षतिपूर्ति दिनुपर्ने स्पष्ट व्यवस्था नरहेकाले सोसम्बन्धी व्यवस्था गरिनुपर्ने बताए ।
सांसद अन्जनी श्रेष्ठले जङ्गली जनावरको आक्रमण बढेको विषय संसद्मा उठाइन् । सांसद टेकबहादुर गुरुङले सुक्खायाममा वनमा डढेलोको जोखिम बढी हुने भएकाले त्यसको न्यूनीकरण र आगलागी नियन्त्रणमा तदारुकता देखाउनुपर्नेमा जोड दिए ।
सांसद अनिशा नेपालीले आन्दोलनरत स्वर्गद्वारी गुठीका मोही किसानको जायज माग सम्बोधन गर्न संसद्मार्फत सरकारको ध्यानाकर्षण गराइन् । सांसद अस्माकुमारी चौधरीले पनि स्वर्गद्वारी गुठी पीडित किसान काठमाडौँ र जिल्लामा समेत आन्दोलन गरिरहेकाले उनीहरुका माग सुनुवाइ हुनुपर्ने धारणा राखिन् ।
सांसद अम्बिका बस्नेतले काठमाडौँ उपत्यकामा बालबालिका हराउने र अपहरणमा पर्ने घटना सार्वजनिक हुन थालेकोप्रति चिन्ता व्यक्त गरिन् । सांसद अम्मरबहादुर थापाले सरकारले पुँजीगत बजेट खर्च बढाउनुपर्नेमा जोड दिए । बजेट विनियोजनमा कुशलता नहुँदा खर्च गर्न सक्ने ठाउँमा बजेट नहुने तर खर्च गर्न नसक्ने ठाउँमा बजेट दिने प्रवृत्तिको अन्त्य गरिनुपर्ने उनले बताए । जाजरकोट भूकम्प पीडितलाई राहत तथा क्षतिपूर्ति रकम तत्काल उपलब्ध गराउन पनि उनले माग गरे ।
सांसद अमृतादेवी अग्रहरीले विपक्षी दलहरुले सरकारले गरेका राम्रा कामको पनि विरोध गर्ने गरेको आरोप लगाइन । अर्का सांसद अशोककुमार चौधरीले मुलुकलाई कम्लरी मुक्त घोषणा गरिए पनि अझै यो कुप्रथालाई राज्य तहबाटै संरक्षण भइरहेको आरोप लगाए ।
सांसद असिम शाहले विद्यमान सरकार बनेको लामो समय भइसक्दा पनि मन्त्रीहरुको सम्पत्ति विवरण सार्वजनिक गरिनुपर्ने बताए । भ्रष्टाचारका विभिन्न काण्डको छानबिन गर्न शक्तिशाली आयोग गठनको माग उनले राखे ।
सांसद ईश्वरी घर्तीमगरले पाठेघर र स्तन क्यान्सरको परीक्षणलाई निःशुल्क गरिनुपर्ने माग गरिन् । सांसद ईश्वरीदेवी न्यौपानेले कैलाली जिल्लाका विभिन्न क्षेत्रमा डुबानको समस्या रहेकाले कर्णालीलगायत नदीमा तटबन्धको व्यवस्था गर्न सरकारसँग आग्रह गरिन् । सांसद उर्मिला माझीले शिक्षा र स्वास्थ्य क्षेत्रलाई मौलिक हकका रुपमा राखिएको भए पनि यसको प्रभावकारी कार्यान्वयन हुन नसकेको बताइन् । वीर अस्पतालको आकस्मिक कक्षमा बिरामीको चाप बढेको विषय उनले उठाइन् ।
सांसद ऋषिकेश पोखरेलले हिउँदेबालीका लागि मल, बीउ र सिँचाइको अभाव भइरहेको विषयमा सरकारको ध्यानाकर्षण गरे । मल आयातमा सरकारको एकाधिकार तोडेर निजी क्षेत्रलाई आयात गर्न दिनुपर्ने धारणा उनले राखे ।
सांसद एकनाथ ढकालले आगामी जेठमा आयोजना हुन लागेको सगरमाथा संवादलाई नेपालले जलवायु न्यायको मुद्दा स्थापित गर्नमा प्रयोग गर्न सक्नुपर्ने बताए । सांसद कान्तिका सेजुवालले नेपालगञ्ज भन्सार कार्यालयको जाँचपास मेसिन बिग्रेको लामो समय भइसक्दा पनि मर्मतसम्भार हुन नसकेको विषय संसद्मा उठाइन् ।
सांसद कालुराम राईले गर्मीयाममा सर्पदंशका घटना बढ्ने गरेको तर सर्पदंशको उपचारका लागि पर्याप्त अस्पताल नरहेको विषय उठाए । सांसद गणेश पराजुलीले गैरआवासीय नेपालीलाई नागरिकता दिएको विषयमा उनीहरुलाई नेपालमा लगानी गर्नका लागि वातावरण बनाएर त्यसको अधिकतम लाभ लिनसक्नुपर्ने बताए ।
सांसद गोकुलप्रसाद बाँस्कोटाले बनेपा–धुलिखेल सडक निर्माणमा ढिलाइ भएकोप्रति संसद्मार्फत सरकारको ध्यानाकर्षण गराए ।
अर्का सांसद गङ्गा कार्कीले सडक दुर्घटना बढेको उल्लेख गर्नुहुँदै यसका कारण पहिचान गरी निराकरणका लागि पहल गर्न सरकारसँग आग्रह गरे । सांसद चन्द्रकान्त भण्डारीले पनि सडक दुर्घटना न्यूनीकरणका लागि सरकार र मातहतका निकायबाट आवश्यक पहल हुनुपर्नेमा जोड दिए । सांसद डा चन्दा कार्की भण्डारीले विभिन्न सडक निर्माणमा ढिलाइ भएको विषय उठाइन् । सांसद चित्रबहादुर केसीले इजरायल र हमासको युद्धमा हराइरहेका कञ्चनपुरका विपिन जोशीको खोजी गर्न सरकारले गरिरहेको कामबारे संसद्लाई जानकारी गराउन माग राखे । सांसद छिरिङल्हामु लामा (तामाङ) ले केही समयअघि काठमाडौँको ठमेलमा प्रहरीमाथि भएको आक्रमणको गम्भीर छानबिनको माग गरिन् । सांसद जावेदा खातुन जागाले मुस्लिम समुदाय राज्यबाट उपेक्षित पारिएको बताइन् । शिक्षा मन्त्रालयले छात्रवृत्ति कार्यक्रममा मुस्लिमलाई विभेद गरेको उनको भनाइ छ ।
सांसद जुलीकुमारी महतो (महासेठ) रूख कटान, जग्गा अधिग्रहण, निर्माण सामग्री व्यवस्थापनलगायतमा ढिलाइ हुँदा विकास निर्माण प्रभावित भएको बताइन् । रासस

# महिलालाई सीप सिकाउँदै स्थानीय तह



**डडेल्धुरा ।**
जिल्लाका स्थानीय तहहरुले महिलालाई सीप सिकाउन थालेका छन् । यहाँको अमरगढी नगरपालिका–५ अमरगढीका महिलाहरुलाई 'ब्यूटिसियन' तालिम सञ्चालन गरेको छ । वडाका वडाध्यक्ष टंक क्षेत्रीका अनुसार वडा कार्यालयको समन्वयमा २० जना महिलालाई ब्यूटिसियन तालिम सञ्चालन गरिएको हो । तीन महिने सो तालिमले उनीहरुलाई व्यवसाय गर्न सहज हुने विश्वास गरिएको वडाध्यक्ष क्षेत्रीले बताए । त्यसैगरी जिल्लाका सातवटै स्थानीय तहले महिला लक्षित सिलाइ कटाइ, दुना टपरी बनाउने, होजियारी, गुडिया तथा फूल माला उत्पादन गर्ने, अचार बनाउने, धुप बनाउनेजस्ता तालिम सञ्चालन गर्दै आएका छन् । स्थानीय तहसँग घरेलु तथा साना उद्योग कार्यालय र सीप विकास केन्द्रलगायतले समन्वय गर्ने गरेका छन् । घरेलु तथा साना उद्योग कार्यालयका सूचना अधिकारी नरेन्द्र पन्तकाअनुसार गत आर्थिक वर्ष २०८०÷८१ मा ५४ जना महिलालाई सीप विकाससम्बन्धी विभिन्न तालिम प्रदान गरिएको छ । सीप विकास तथा उद्यमशीलतासम्बन्धी तालिम निःशुल्क प्रदान गरिएकाले सीप सिक्नमा महिलाको आकर्षण देखिएको कार्यालय प्रमुख केसवराज भण्डारीले बताए । रासस

# अपांगता रोकथाम तथा पुनःस्थापना कसरी



**तेह्रथुम ।**
तेह्रथुमको म्याङ्लुङमा अपाङ्गता रोकथाम तथा पुनःस्थापनासम्बन्धी जिल्लाका सरोकार भएका व्यक्तिसँग एकदिने अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।
करुणा फाउण्डेसन नेपालको आयोजनामा स्थानीय जनप्रतिनिधि, राजनीतिक दल तथा विभिन्न सङ्घ संस्थाका प्रतिनिधिलगायत सरोकार भएकासँग अन्तरक्रिया भएको हो ।
प्रदेश र स्थानीय सरकार तथा करुणा फाउण्डेसनको साझदारीमा तेह्रथुममा अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम सञ्चालन भइरहेको छ । सोही सन्दर्भमा अन्तरक्रिया कार्यक्रम गरिएको करुणा फाउण्डेसन नेपालका वरिष्ठ कार्यक्रम व्यवस्थापक कमल कोइरालाले बताए ।
उनले जिल्लामा अहिलेसम्म अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमअन्तर्गत भएका कामहरूकाबारेमा अन्तरक्रियामा जानकारी गराएका थिए । उनका अनुसार हालसम्म उक्त कार्यक्रममार्फत स्थानीय तहहरूले जिल्लास्तरीय अभिमुखीकरण, पालिकास्तरीय अभिमुखीकरण, पालिका र करुणा नेपालबीच सम्झौता, सिविआर सहजकर्ता नियुक्ति तथा तालिम, अपाङ्गता भएका व्यक्तिको तथ्याङ्क सङ्कलनलगायत कार्य भएका छन् ।साथै अपाङ्गता भएका व्यक्तिको स्वास्थ परीक्षण, आवश्यकता पहिचान तथा परिचयपत्र वितरण शिविर सञ्चालन गरी एक हजार दुई सय १२ को पहिचान गरी अपाङगता परिचयपत्र वितरण गरिएको कार्यक्रम व्यवस्थापक कोइरालाले जानकारी दिए । उनका अनुसार स्वास्थ्यकर्मीलाई जन्मदोष पहिचानसम्बन्धी तालिम, बालबालिकामा हुने कार्यगत सीमितता तथा अपाङ्गताको अवस्था पहिचानबारे शिक्षक तथा विद्यालय नर्सलाई तालिम प्रदान गरिएको छ ।
विद्यालय स्वास्थ्य परीक्षण प्रारम्भ, जन्मदोष पहिचान प्रारम्भ, जन्मेको २९ दिनदेखि पाँच वर्ष मुनिका बालबालिकाको परीक्षण प्रारम्भ, मिलिजुली समूह गठन तथा परिचालनलगायत कार्यक्रम गरिएको छ ।
प्रदेश सरकार, स्थानीय सरकार र करुणा फाउण्डेसनको साझेदारीमा सञ्चालित उक्त कार्यक्रम पछि भने अपाङ्गता भएकाहरूको सेवासुविधामा पहुँच विस्तार हुने आशा गरिएको करुणा फाउण्डेसका संयोजक केदार भण्डारीले बताए ।
उनले भने, 'कार्यक्रम पछि २० प्रतिशत जन्मदोष दर र ४० प्रतिशतले जन्मजात हुने अपाङ्गताको दर घट्ने, ७० प्रतिशत अपाङ्गता भएका बालबालिका र २० प्रतिशत अपाङ्गता भएका वयस्क व्यक्तिको जीवन गुणस्तरमा सुधार हुने, ४० प्रतिशत सार्वजनिक भौतिक संरचना (स्थानीय तहभित्र रहेका) पहुँचयुक्त हुने, स्थानीय तहहरूले प्रदेश सरकारसँगको सहकार्यमा ८० प्रतिशत अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमलाई निरन्तरता दिने विश्वास लिएका छौँ ।'
तीन वर्षसम्म सञ्चालन हुने उक्त कार्यक्रमको कूल लागतमा प्रदेश सरकारको एक करोड ८८ लाख, पालिकाको एक करोड ८८ लाख र करुणा फाउण्डेसनको एक करोड ८८ लाख रहेको भण्डारीले जानकारी दिए । उनका अनुसार हालसम्म ४६ लाख ५५ हजार खर्च गरिसकिएको छ ।
अन्तरक्रिया कार्यक्रमका सहभागी देउराली सोसाइटी तेह्रथुमका कार्यक्रम संयोजक कपिलदेव सिङ्बकले जिल्लामा सञ्चालन भइरहेको अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम प्रभावकारी रहेको बताए । लामो समयदेखि गैरसरकारी संस्थामा रहेर सामाजिक काम गरे पनि यसरी अपाङ्गताका क्षेत्रमा सुक्ष्म ढङ्गले अहिलेसम्म काम गर्न नसकिएको उनले सुनाए । प्रदेश र स्थानीय सरकार तथा फाउण्डेसनको त्रिपक्षीय साझेदारीमा सञ्चालित उक्त कार्यक्रमले समुदायलाई दीर्घकालीन रूपमा लाभ पुग्ने उनले विश्वास व्यक्त गरे ।
प्रदेशसभाका सांसद किशोरचन्द्र दुलालले यो कार्यक्रमले अपाङ्गता रोकथाम तथा पुनःस्थापनामा सहयोगी भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरे । उनले यस कार्यक्रमलाई सफल बनाउन सबै पक्षहरूले सहकार्य र समन्वय गर्नुपर्ने भन्दै आफ्नोतर्फ आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाए । रासस

# स्वर्गद्वारी गुठी पीडितलाई न्याय प्रदान आग्रह

**काठमाडौँ ।**
नेपाली कांग्रेसका सांसद दीपक गिरीले आन्दोलनरत स्वर्गद्वारी गुठी पीडित किसानहरुलाई सरकारले यथाशीघ्र न्याय प्रदान गर्न अनुरोध गरेका छन् ।
प्रतिनिधिसभाको मंगलबारको बैठकमा आकस्मिक समयमा बोल्दै उनले वास्तविक मोही किसानको पक्षमा भएको सहमतिअनुसार सरकारले यथाशीघ्र न्याय प्रदान गर्न आग्रह गरेका हुन् । उनले भने,'स्वर्गद्वारी आस्थाको धरोहरका रुपमा रहेको छ । यसको संवद्र्धन र प्रवद्र्धनका लागि सरकारको चासो रहनुपर्छ ।'
सरकारले आफूसँग गरेको सम्झौता कार्यान्वयन नगरेको भन्दै केही समयदेखि स्वर्गद्वारी गुठी पीडितहरु आन्दोलनरत छन् । मोही किसानहरुलाई मोही पुर्जा प्राप्त भए पनि जमिन प्राप्त हुन नसकेकाले आन्दोलन गर्नुपरेको उनीहरुको भनाइ छ ।
'स्वर्गद्वारी आश्रमको दाङ देउखुरी र घोराही लगायतमा रहेको जग्गा यदि कुनै सङ्घसंस्थाले वा गैरमोही किसानका नाममा भोगचलन भइरहेको छभने त्यसको पनि राज्यले खोजतलास राज्यले गरोस्', उनले भने ।
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का हितराज पाण्डेले सरकारले संसद्का समग्र क्रियाकलापमा अवहेलना गरेको र जनताको प्रतिनिधिको आवाज ठीक ढङ्गले सुन्न नचाहिरहेको बताए ।
उनले भने,'छलफल गर्ने भनिएको विषयसूची हटाइएको छ । पटक पटक सम्भावित कार्यक्रम हटाइएका छन् । संसद्ले सधैँ सरकारले जे भन्ने हो त्यही अनुसार गर्ने हो कि जनताका प्रतिनिधि भएको संस्थाले बनाएका विषयवस्तु सरकारले पनि पालना गर्ने ?'
नेकपा (एमाले)का मुख्य सचेतक महेश बर्तौलाले संसद्को नियमावलीमा नै सम्भावित सूचीमा तलमाथि हुन सक्ने भनिएकाले यसमा आपत्ति जनाउनुपर्ने कारण नरहेको धारणा राखे ।
राष्ट्रिय स्वतन्त्र पार्टीका शिशिर खनालले ड्युटीमा रहेका प्रहरीलाई कुट्ने अस्कल क्याम्पसका अनेरास्ववियुका नेतालाई नेपाल प्रहरीले अनुसन्धान नगर्ने तर अभद्र व्यवहार गरेको भनी आशिका तामाङलाई १५ दिनसम्म हतकडी लगाएर डुलाएको भनी प्रश्न गरे ।
उनले भने,'यो सदनमा नेपालका युवाहरु विदेश गए भनेर धेरै नेताहरु चिन्तित भएको सुन्छु । तर एउटा पक्षलाई संरक्षण गरेर दलीय विद्यार्थी सङ्गठनका विद्यार्थीलाई मात्रै यो देश सुरक्षित छ भनेर युवाहरुलाई 'मेसेज' दिएको हो त ? गृहमन्त्रीले आफैँले कमान्ड गरेको प्रहरीको सुरक्षा दिन सक्दैन भने नेपाली युवा कसको अनुहार हेरेर यो देशमा बसिदिनुपर्ने ?'
आकस्मिक समयमा सांसद गणेश पराजुली, सीता मिजार, सुशीला सिर्पाली ठकुरी र दिक्पालकुमार शाहीले समसामयिक विषयमा आफ्ना धारणाहरु प्रस्तुत गरेका थिए । रासस

# राजदूत वलीलाई गणतन्त्र लाओसको पनि जिम्मेवारी



**काठमाडौँ ।**
राष्ट्रपति रामचन्द्र पौडेलले थाइल्यान्डका लागि नेपालका आवासीय राजदूत धनबहादुर वलीलाई जनवादी प्रजातान्त्रिक गणतन्त्र लाओका लागि पनि गैरआवासीय राजदूत नियुक्त गरेका छन् ।
नेपालको संविधानको धारा २८२ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले वलीलाई उक्त पदमा मंगलबार नियुक्त गरेको राष्ट्रपतिको कार्यालयले जनाएको छ । रासस

# मुख्यमन्त्री आचार्यद्वारा प्रादेशिक अस्पतालको भवन अनुगमन

**लुम्बिनी ।**
लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले लुम्बिनी प्रादेशिक अस्पतालको निर्माणाधीन भवनको अनुगमन गरेका छन् ।
मुख्यमन्त्री आचार्यले भवन अनुगमन गर्दै मंगलबार कामको प्रगतिबारे जानकारी लिए । 'यो प्रदेशको गौरवको आयोजना हो । प्रदेशले यसलाई उच्च प्राथमिकतामा राखेको छ, यसले समग्र प्रदेशको विकासमा महत्वपूर्ण योगदान पुर्याउनेछ', उनले भने, 'कुनै पनि अवस्थामा काममा समस्या नआओस् ।'
प्रदेश सरकारले चालु आर्थिक वर्षमा सो भवन निर्माण गर्न एक अर्ब ८० करोड विनियोजन गरेको छ । अनुगमनका क्रममा मुख्यमन्त्री आचार्यले काम सन्तोषजनक देखिएको बताए । उनले यही आवमा २८ प्रतिशतसम्म काम सम्पन्न गर्ने जानकारी प्राप्त भएको बताए ।
प्रदेश पूर्वाधार विकास प्राधिकरणमार्फत छ अर्ब १८ करोड ७५ लाखमा भवन निर्माण थालिएको थियो । प्रदेश पूर्वाधार विकास प्राधिकरणले भारतीय निर्माण कम्पनी क्याप साइट आशिष रेलिग्रेट भेन्चर र नेपाली कम्पनी आशिष रेलिगसनसँग गतवर्षको पुस २६ गते भवन निर्माणको ठेक्का सम्झौता गरेको थियो ।
निर्माण शुरु भएको पाँच महिनामा १३ प्रतिशत भौतिक प्रगति भएको प्रदेश पूर्वाधार विकास प्राधिकरणका 'साइट इन्चार्ज इन्जिनियर' शङ्कर सुवेदीले जानकारी दिए ।
सम्झौताअनुसार १२ तले सो भवन आगामी २०८५ सालको पुस मसान्तसम्ममा सम्पन्न गर्नुपर्ने छ । रासस

# सिमेन्टको मूल्यवृद्धिलाई लिएर उद्योगमन्त्री र सांसदबीच सवाल–जवाफ



**काठमाडौँ ।**
सिमेन्टलगायत निर्माण सामग्री एवं खाद्य वस्तुको मूल्यवृद्धि सम्बन्धमा छलफल गर्न बसेको राष्ट्रियसभा, सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समिति बैठकमा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारी र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का सांसद गोपीबहादुर सार्की अछामीबीच सवाल–जवाफ भएको छ ।

बैठकमा सांसदहरुले उठाएको जिज्ञासाको जवाफ दिने क्रममा उद्योगमन्त्री भण्डारीले सिमेन्टको मूल्यवृद्धि हुनुमा उद्योगमा भएको 'लोडसेडिङ'को पनि भूमिका रहेको बताएपछि माओवादी सांसद अछामीले बीचैमा प्रतिवाद गर्दै सो सम्बन्धमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयसँग बहस गर्न आग्रह गरे ।

सांसद अछामीले भने, 'माननीयमन्त्रीज्यू, यो बहस यहाँ गर्ने होइन, त्यो बहस ऊर्जा मन्त्रालयमा गर्ने हो, हामीसँग यहाँ गर्नुपर्ने नै होइन ।' मन्त्री भण्डारीले उद्योगमा लोडसेडिङ छ, छैन भन्ने कुराको पनि तथ्यमा हेर्नुपर्ने बताए ।'

अब लोडसेडिङ छैन भन्नुहुन्छ, विद्युत् प्राधिकरणले 'सेड्युल' दिएको छ, बोलाउनु न प्राधिकरणलाई म त आग्रह गरिहेको छु समिति सभापतिलाई,' लोडसेडिङको तालिका हेर्न सुझाउँदै उनले भने, 'यो मूल्यवृद्धि भएका बेलामा लोडसेडिङ कति भयो त्यसको सेड्युल हेरौँ न, कसैले लोडसेडिङ छ भन्ने कसैले छैन भन्ने हामीले गरिराख्नुपर्छ र ?'

सांसद अछामीले 'त्यो कुरा हाम्रो सरोकारको कुरा भएन, त्यो त्यही मन्त्रालयसँग गर्नुस' भने । मन्त्री भण्डारीले सरकारको निकाय विद्युत् प्राधिकरण भएकाले छलफल हुनुपर्ने उल्लेख गरे । सांसद अछामीले भने, 'महँगी नियन्त्रण हुनुप¥यो, उद्योग मन्त्रालयको ध्यान त्यहाँ पुग्नुप¥यो भन्ने मात्रै हाम्रो कुरा हो ।'

नेकपा (एकीकृत समाजवादी)का सांसद राजेन्द्रलक्ष्मी गैरेले मूल्य बढाउनुमा सांसदको भूमिका हो भनी प्रश्न गरिन् । सो प्रश्नमा उद्योगमन्त्रीले 'छैन' भन्ने जवाफ दिएपछि सांसद गैरेले प्रस्ताव गरिन्, 'छैन, भने चै जसको हो त्यहीँनेर छलफल गरौँ न त ।'

मन्त्री र सांसदबीच सवाल–जवाफ भएपछि समिति सभापति सोनामगेल्जेन शेर्पाले 'हस्तक्षेप' गरी 'यसलाई यही थाती राखौँ' भनी प्रस्ताव गरे । समयको अभाव भएको भन्दै सभापति शेर्पाले विषय केन्द्रित धारणा राख्न मन्त्रीलाई निर्देश गरे ।

मन्त्री भण्डारीले समितिको निर्देशन सरकारलाई स्वीकार्य भएको बताए । 'म फेरि पनि भन्छु, समितिले जे निर्देश गर्छ, त्यो मान्छु,' उनले भने, 'विद्युत् प्राधिकरण सरकारभन्दा बाहिरको निकाय पनि होइन, यो सरकारी निकाय हो ।'

यत्तिकैमा एकीकृत समाजवादीका अर्का सांसद उदयबहादुर बोहराले सिमेन्टलगायत निर्माणजन्य सामग्रीको मूल्यवृद्धि हुनुमा 'कस्ट अफ प्रोडक्ट' प्रस्टसँग आउनुप¥यो भने । सिमेन्टको मूल्य तोक्नका लागि अहिले समिति गठन भइसकेको जानकारी दिँदै मन्त्री भण्डारीले भने, 'के–केमा वृद्धि भएको हो, त्यो समितिले लिएर आउँछ ।'

मूल्यवृद्धिको सम्भाव्य कारकका बारेमा उद्योगमन्त्रीले प्रस्ट्याउँदै गर्दा पुनः सांसद अछामीले प्रश्न गरे, 'मूल्यवृद्धिमा सांसदहरुले पनि साथ दिनुप¥यो भन्ने जस्तो कुरा आयो नि त ? हामी त्यो त गर्दैनौँ, यति छोटो अवधिमा जति मूल्य बढ्या छ, यो जायज छ ?'

मन्त्री भण्डारीले सभापतिको अनुमति लिएर आफूले बोलिरहेको उल्लेख गर्दै भने, 'माननीयज्यू, यस विषयमा सरकारलाई निर्देश गर्नुस् ।' सांसद अछामीले, 'सरासर उपभोक्ता ठग्न त पाइए न नि भनी,' भने ।'

जवाफमा मन्त्री भण्डारीले आफ्नो भनाइ दोहो¥याउँदै भने,'समितिबाट निर्देश गर्नुस् सरकारलाई, मूल्यवृद्धि घटेको छ, घटाउने कोसिस भइरहेको छ, यससम्बन्धी आवश्यक समिति बनेको छ, समितिको जे निष्कर्ष आउँछ, त्यसलाई मान्नुपर्छ ।'

मन्त्री भण्डारीले सांसदलाई आफूले मूल्यवृद्धि गरिदिनुस् भनेर नभनेको भनी स्पष्ट पारे । सवाल–जवाफ नरोकिएपछि पुनः सभापति शेर्पाले 'हस्तक्षेप' गर्दै विषयमा प्रवेश गर्न मन्त्रीलाई ध्यानाकर्षण गराए ।

सभापतिको निर्देशनपछि मन्त्री भण्डारीले मूल्यवृद्धिका कारणहरुमध्येमा लोडसेडिङ पनि भएको दाबी गरे । 'लोडसेडिङ कसरी भयो ? बाढीपहिरोले माथिल्लो तामाकोशी आयोजनामा क्षति पुग्यो, त्यसको उत्पादन घट्यो, यो त प्राधिकरणले स्वीकारे कै छ त,' उनले भने, 'सिमेन्टको मूल्य यसकारणले बढेको छ भनेको हुँ, उद्योगी व्यवसायीले आफूखुसी बढाएको चाहीँ होइन ।'

यद्यपि सरकार उद्योग पनि जोगाउने, मूल्यवृद्धि पनि नियन्त्रण गर्ने, उपभोक्तालाई राहत दिनेमा प्रतिबद्ध रहेको र यससम्बन्धमा समितिबाट स्पष्ट निर्देशन होस् भन्नेमा आफू रहेको उनको भनाइ थियो । सरकारको धारणा दोहो¥याउँदै मन्त्री भण्डारीले भने, 'राज्यको दायित्व उद्योग पनि जोगाउने हो, उपभोक्तालाई राहत दिने पनि हो ।'

समिति सभापति शेर्पाले अध्ययन समितिको प्रतिवेदन र ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयँसग उद्योगमा भएको लोडसेडिङको विषयमा छलफल गरिने बताए । उनले यससम्बन्धमा व्यापक छलफलपछि मात्रै निष्कर्षमा पुगिने बताए । रासस

# रुग्ण उद्योग पुनः सञ्चालनका लागि ठोस प्रस्ताव माग



**काठमाडौँ ।**
प्रधानमन्त्री केपी शर्मा ओलीले रुग्ण उद्योगहरु साझेदारीको ढाँचामा पुनः सञ्चालन गर्ने ठोस प्रस्ताव ल्याउन निजी क्षेत्रलाई आग्रह गरेका छन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आज सम्पन्न उद्योग–वाणिज्य प्रवद्र्धन संवाद परिषद्को बैठकमा उनले सरकार निजी क्षेत्रको साझेदारीको ढाँचामा जान सरकार तयार रहेकाले पुनः सञ्चालनका लागि ठोस प्रस्ताव भएमा यथाशीघ्र ल्याउन आग्रह गरेका हुन् ।

प्रधानमन्त्रीले ऐनकानुन सम्बन्धित क्षेत्रको सहजीकरण र आवश्यकताका लागि निर्माण र संशोधन गरिने जनाउँदै आर्थिक समृद्धिका लागि सरकार निजी क्षेत्रलाई सहयोग गर्न तत्पर रहेको बताए ।

उनले भन्सार र राजस्वमा अनियमिता भएको पाइएका निर्ममताका साथ कारबाही गर्न सम्बन्धित निकायलाई निर्देशन दिएको बताउँदै पूँजी भएर मात्र विकास नहुने भएकाले सम्पत्ति आर्जनका लागि देशको विकास गर्नुपर्ने सोचका साथ लाग्नुपर्नेमा जोड दिए ।

परिषद्का सदस्यहरुले सार्वजनिक–निजी साझेदारीमा सहलगानी तथा सहकार्य, सार्वजनिक निकायमा स्वदेशी वस्तुको प्रयोग वृद्धि, व्यापार घाटा कम गर्ने, अध्यादेशहरुको कार्यान्वयन, निर्माण व्यवसाय र आयोजना शीघ्र सम्पन्न गर्ने विषयमा सुझाव दिएका थिए ।

सार्वजनिक–निजी क्षेत्रबीच नियमित संवाद गरी आर्थिक विकासमा सहयोग पु¥याउन २०७५ असोज ५ गतेको मन्त्रिपरिषद्को निर्णयबमोजिम गठन आदेशबाट जारी भएको परिषद् सदस्यमा नेपाल उद्योग वाणिज्य महासङ्घलगायत राष्ट्रिय संस्था र व्यावसायिक प्रतिनिधिलाई प्रधानमन्त्रीले मनोनयन गर्ने व्यवस्था छ । सोहीअनुसार परिषद्ले पूर्णता पाएपछि परिषद्को बैठक भएको हो ।

बैठकमा सरकारका तर्फबाट भएका आर्थिक एवं प्रशासनिक सुधारका प्रयासहरु, अध्यादेशमार्फत २९ कानुनमा गरिएको संशोधन र त्यसका सकारात्मक प्रभावहरु, विकास निर्माणमा प्रगतिहरु, स्टार्ट अप र व्यापार सहजीकरणका लागि गरिएका पहलबारे अवगत गराइएको थियो । बैठकले उत्पादन, पूर्वाधार, निर्यात र शासकीय तथा प्रशासनिक गरी विभिन्न क्षेत्रमा परिषद्अन्तर्गतका समिति गठन गर्ने निर्णयगरेको छ । ती समितिले क्षेत्रगत समस्या र समाधानका विषयमा छलफल गरी परिषद्लाई सुझाव दिनेछन् ।

बैठकमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल, संस्कृति, पर्यटन तथा नागरिक उडड्यनमन्त्री बद्रीप्रसाद पाण्डे, उद्योगमन्त्री दामोदर भण्डारी, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा डा शिवराज अधिकारी, प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णुप्रसाद रिमाल, आर्थिक विकास सल्लाहकार डा.युवराज खतिवडा, मुख्यसचिव एकनारायण अर्याललगायत सहभागी थिए । रासस

# पाँच हजार कुखुरापालनमा सुवेदी मासिक पाँच लाख बचत

**बागलुङ ।**
बागलुङका सुरथ सुवेदी विगत १८ वर्षदेखि व्यावसायिक कुखुरापालनमा लाग्दै आएका छन् । जिल्लाको बागलुङ नगरपालिका–६ मा घर भई हाल वडा नं १३ को भाटेखोलामा धौलागिरि कृषि दाना एण्ड पोल्ट्री फार्म सञ्चालन गर्दै आएका सुवेदीले कुखुरापालनबाटै मासिक पाँच लाख रुपैयाँ बचत गर्ने गरेका छन् ।

एकाउन्न वर्षीय सुवेदीले १८ वर्षमा थुप्रै असफलता व्यहोर्दै सफलतामा पुगेको बताए । उनले १० वर्षयता बागलुङ र त्यसभन्दा अघि चितवनमा कुखुरा पाल्दै आएका थिए ।

अहिले उनको कुखुरा फार्ममा पाँच हजार पाँच सय कुखुरा छन् । सरदरमा दैनिक पाँच हजार अण्डा बजारमा क्रीका लागि जाने सुवेदीले जानकारी दिए । 'धेरै पटक असफलता व्यहोर्नु प¥यो, त्यही असफलताबाट पाठ सिकेर अघि बढ्दा सफलता पाइदोरहेछ', उनले भने, 'हार मानेको भए, अहिले व्यवसाय छाडिसकेको हुन्थेँ, निरन्तरको प्रयासले यहाँसम्म ल्याएको छ । अहिले मासिक पाँच लाख रुपैयाँ बचत हुन्छ, गत वर्ष कुखुराले अण्डा नदिँदाको घाटा अहिले पूरा गर्दैछु ।'

उनले विसं २०६३ मा चितवन गएर सुरुमा बोइलर जातको कुखुरा पाल्न थाले पनि पछिल्लो १० वर्षयता लियर्स जातको कुखुरा पाल्दै आएका छन् । चितवनमा निरन्तर सफलता हाँसिल गर्दै गए पनि १३ हजार कुखुरा बर्डफ्लुका कारण मरेपछि फर्केर बागलुङ आएको सुवेदीले बताए ।

'मनग्ये आम्दानी कमाई भइरहेको थियो तर एकैपटक बर्डफ्लु आएपछि सबै घाटामा गयो, त्यसले निराश भएर बागलुङ फर्के, त्यसयता राम्रो भइरहेको थियो, गत वर्ष कुखुराका चल्लाले अण्डा नदिएपछि ६० लाख रुपैयाँ घाटा पर्यो । अहिले राम्रो छ, पोहोरको घाटालाई अहिलेको नाफाले सघाएको छ', उनले भने । लामो समय हुर्काएका कुखुराले अण्डा नदिँदा घाटा भएको उनको भनाइ छ ।

विसं २०७० मा पाँच जनाको समूहले भाटेखोलामा लेयर्सजातको कुखुरा पाल्न थाले पनि अहिले आफ्नो निजी फार्म सञ्चालन गरेको सुवेदीले बताए । उनका अनुसार उक्त फार्ममा अहिलेसम्म ६० लाख रुपैयाँ लगानी भइसकेको छ । कृषिमा उल्लेख्य नतिजा प्राप्त गर्न प्राविधिक ज्ञानसमेत हुन आवश्यक रहेको उनले उल्लेख गरे ।

'पोहोर ५२ सय चल्ला हालेँ, तर एक सय ५० वटाले मात्र अण्डा पारे अरुले पारेनन्, ११ महिनाको अवधिमा राम्रो अण्डा नआउँदा र दाना खर्चमा झण्डै ७० लाख रुपैयाँ घाटा भयो', सुवेदीले भने, 'यो पेसामा निकै जोखिम छ, तर प्राविधिक रूपमा जानकारी भएमा आम्दानी प्रशस्त गर्न सकिन्छ ।'

जोखिम नियन्त्रणका लागि केही रकम सङ्कलन गर्नसक्े हो भने घाटा छैन, अहिले मासिक पाँच लाख रुपैयाँ नाफा हुन्छ, अण्डाको मूल्य मनग्ये पाइएको छ ।' फार्ममा उत्पादित अण्डा आफैँले गाडीमार्फत म्याग्दी, पर्वत र बागलुङ बजारमा बिक्री गर्दै आएको उनले बताए ।

बजारमा हुने अस्वस्थ प्रतिस्पर्धा, सरकारको सहयोगमा कमी, कृषि गर्नेप्रति समाजको नकारात्मक दृष्टिकोणलगायत कारणले कृषि क्षेत्र फस्टाउन नसकेको बताउँदै प्राविधिक सहयोग निरन्तर पाउनुपर्नेमा सुवेदीले जोड दिए ।

फार्ममा श्रीमती शिला सुवेदीले निरन्तर साथ र उत्प्रेरणा दिँदै आएकी छिन् । सुवेदी परिवारले २२ रोपनी जग्गा वार्षिक ६० हजार रुपैयाँ भाडामा लिएर फार्म सञ्चालन गर्दै आएको छ । रासस

# सबैभन्दा कम भ्रष्टाचार हुने मुलुक डेनमार्क

**काठमाडौँ ।**
विश्वको सबैभन्दा कम भ्रष्टाचार हुने मुलुकमा डेनमार्क र सबैभन्दा बढी भ्रष्टाचार हुने मुलुकको सूचीमा साउथ सुडान देखिएको छ । ट्रान्सपरेन्सी इन्टरनेशन नेपालले मंगलबार सार्वजनिक गरेको भ्रष्टाचार अवधारणा सूचकाङ्कअनुसार एक सय ८० देश सम्मिलित यस सूचकाङ्कमा डेनमार्क विगत सात वर्षदेखि लगातार ९० अङ्क प्राप्त गरी सबैभन्दा कम भ्रष्टाचार हुने मुलुकका रूपमा रहेको छ ।

यस्तै, साउथ सुडान आठ अङ्क प्राप्त गरी यस वर्ष सबैभन्दा बढी भ्रष्टाचार हुने मुलुकमा दर्ज भएको छ । सूचकाङ्कमा एक सय अङ्कले अति स्वच्छ र शून्य अङ्कले अति भ्रष्ट जनाउँछ । सर्वेक्षण गरिएका मुलुकको औसत अङ्क यस वर्ष पनि ४३ नै कायम रहेको छ ।

कम अङ्क प्राप्त गर्नेमा कमजोर र द्वन्द्वप्रभावित मुलुकहरू रहेका छन् । विश्वव्यापी चासोको विषय रहेको जलवायु परिवर्तनसम्बन्धी अन्तरराष्ट्रियस्तरमा सक्रिय रहेका मुलुकहरूले समेत भ्रष्टाचार अवधारणा सूचकाङ्क सर्वेक्षणमा कम अङ्क प्राप्त गरेका देखिएको छ ।

नेपाल भ्रष्टाचार हुने मुलुकको एक सय सातौँ स्थानमा परेको ट्रान्सपरेन्सी इन्टरनेसन नेपालले जनाएको छ । नेपालले १०० अङ्कमा जम्मा ३४ अङ्क प्राप्त गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ । यस नतिजाले भ्रष्टाचारविरुद्ध नेपालमा प्रभावकारी कामकारबाही अगाडि बढाउन आवश्यक देखिएको संस्थाले औँल्याएको अध्यक्ष मदनकृष्ण शर्माद्वारा जारी विज्ञप्तिमा जनाइएको छ ।

दक्षिण एसियाली मुलुकहरूमा भुटानले ७२ अङ्क, भारतले ३८ अङ्क, मालदिभ्सले ३८ अङ्क, नेपालले ३४ अङ्क, श्रीलङ्काले ३२ अङ्क, पाकिस्तानले २७ अङ्क, बङ्गलादेशले २३ अङ्क र अफगानिस्तानले १७ अङ्क प्राप्त गरेका छन् । छिमेकी चीनले ४३ अङ्क प्राप्त गरेको विज्ञप्तिमा उल्लेख छ । रासस

# 'भारतले आफ्नै भाषा मोडेल निर्माण गरिरहेको छ'

**काठमाडौँ ।**
पेरिसको ग्रान्ड प्यालेसमा एआई एक्शन शिखर सम्मेलनलाई सम्बोधन गर्दै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले भारतले आफ्नै ठूलो भाषा मोडेल निर्माण गरिरहेको बताएका छन् ।

भारतीय स्टार्ट–अपहरूलाई किफायती मूल्यमा अद्वितीय सार्वजनिक–निजी साझेदारी मोडेल उपलब्ध गराइएको प्रधानमन्त्री मोदीले बताए ।

'भारतले हाम्रो विविधतालाई ध्यानमा राख्दै आफ्नै ठूलो भाषा मोडेल निर्माण गरिरहेको छ । हामीसँग गणना शक्ति जस्ता स्रोतहरू सङ्कलन गर्नको लागि एक अद्वितीय सार्वजनिक–निजी साझेदारी मोडेल पनि छ । यो हामीले हाम्रो स्टार्टअप र अनुसन्धानकर्तालाई किफायती लागतमा उपलब्ध गराइएको छ ।

एआई भविष्य राम्रो र सबैका लागि होस् भनी सुनिश्चित गर्न भारत आफ्नो अनुभव र विशेषज्ञता साझा गर्न तयार छ,'प्रधानमन्त्रीले उल्लेख गरे ।

भारत एआई युगको शुरुवातमा रहेको कुरामा जोड दिँदै प्रधानमन्त्री मोदीले मेसिन मानिसमाथि कहिल्यै हावी हुन सक्दैन बताए । 'हामी एआई युगको शुरुवातमा छौं, जसले मानवताको दिशालाई आकार दिनेछ । केही मानिसहरु चिन्तित छन् कि मेशिनहरु मानिसको लागी बुद्धिको मामलामा उच्च हुनेछ । तर हाम्रो सामूहिक भविष्य र साझा भाग्यको चाबी हामी मानिस बाहेक अरू कसैसँग छैन ।' उनले भने ।

प्रधानमन्त्रीले भारतले बनाएको डिजिटल सार्वजनिक पूर्वाधार सबैको लागि खुला र पहुँचयोग्य रहेको बताए ।

'भारतले एक अर्ब ४० करोड रुपैयाँ भन्दा बढी मानिसको लागि धेरै कम लागतमा सफलतापूर्वक डिजिटल सार्वजनिक पूर्वाधार निर्माण गरेको छ । यसले हाम्रो अर्थतन्त्रलाई आधुनिकीकरण गर्न, शासन सुधार गर्न र हाम्रा जनताको जीवन परिवर्तन गर्नका लागि नियम र अनुप्रयोगहरूको विस्तृत दायरा छ ।'

'भारतले डाटाको शक्ति प्रयोग गरेको छ । यो भारतको राष्ट्रिय एआई मिशनको आधार हो । हामीले हाम्रो डेटा सशक्तिकरण र सुरक्षा संरचना मार्फत डेटाको शक्तिलाई अनलक गरेका छौं । साथै, हामीले डिजिटल कमर्सलाई प्रजातान्त्रिक र सबैका लागि पहुँचयोग्य बनाएका छौं । यो भारत राष्ट्रिय एआई मिशनको आधार हो ।

भारत एआई र डाटा गोपनीयतामा टेक्नो कानूनी समाधानमा अग्रणी छ । हामी सार्वजनिक हितको लागि एआई अनुप्रयोगहरू विकास गर्दैछौं,' उनले भने । रासस

# अन्तरराष्ट्रिय महिला फुटबल प्रतियोगिताको तयारी पूरा




**काठमाडौँ ।**
चार देश सम्मिलित अन्तर्राष्ट्रिय महिला फुटबल प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको भएको छ ।

मंगलबार अखिल नेपाल फुटबल संघ (एन्फा) ले पत्रकार सम्मेलन गरी अन्तर्राष्ट्रिय महिला फुटबल प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको जानकारी दिएको हो । पहिलोपटक आयोजना गर्न लागिएको प्रतियोगिता आगामी ५ देखि १४ फागुनसम्म सञ्चालन हुने एन्फा प्रवक्ता सुरेश शाहले जानकारी दिए ।

एन्फाले पहिलोपटक आयोजना गर्न लागेको चार देश सम्मिलित उक्त प्रतियोगितामा नेपालसँगै किर्गिस्तान, म्यान्मा र लेबनानको सहभागिता रहनेछ ।प्रतियोगिताको 'टिकेटिङ राइट' एक करोड ३५ लाख र 'ब्रोडकास्टिङ राइट' ६६ लाख रुपैयाँमा बिक्री गरेको एन्फाले जनाएको छ ।त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा हुने प्रतियोगिताको टिकट दर 'भीआईपी'तर्फ एक हजार र साधारण प्यारापिटतर्फ ५ सय रुपैयाँ तोकिएको छ । एन्फाका अनुसार सहभागी टिमले अभ्यासका लागि सातदोबाटोस्थित एन्फा मुख्यालय मैदान र भद्रकालीस्थित नेपाली सेनाको खेलमैदान प्रयोग गर्नेछन् । प्रतियोगिताको अनुमानित बजेट करिब दुई करोड ५० लाख ५६ हजार १०४ रुपैयाँ रहेको एन्फाले जनाएको छ । रासस

# युरोप निर्यात हुन थाले बटुका



झापा ।
किसानको बारीमा खेर गइरहेको सुपारीको पातबाट बनेका थाल, बटुकालगायतका सामान युरोपको बजारसम्म बिक्री हुन थालेको छ । बजारमा माग बढेपछि झापामा सुपारीको पातका सामान बनाउन आधा दर्जन उद्योग स्थापना भएका छन् । तीमध्ये मेचीनगर–१३ मा सञ्चालनमा रहेको लिफ प्लस प्रालिले सुपारीको पातबाट निर्मित थाल, बटुका, चम्चा, दुना, पालालगायतका सामग्री जर्मनी, फिनल्यान्ड र अमेरिकामा निर्यात भइरहेको जनाएको छ । प्रालिका प्रबन्ध निर्देशक कोविदसिंह बानियाँले सुपारीको पातबाट बनेका सामान वातावरणमैत्री र रसायनमुक्त हुने भएकाले स्वदेशी सुपरमार्केटदेखि विदेशका पार्टी प्यालेस र रेस्टुरेन्टहरुमा लोकप्रिय बनेको बताए । आर्थिक वर्ष २०८०÷८१ मा एक करोड ६० लाख रुपैयाँको सुपारीका थाल बटुकालगायतका सामान बिक्री भएको जनाउँदै उनले ६० प्रतिशत अर्थात् एक करोड रुपैयाँका सामग्री युरोप र अमेरिका निर्यात भएको बताए । सुपारीको राजधानी मानिएको झापामा २०७४ सालमा नयाँ सोचका साथ अघि बढ्न चाहने युवा व्यवसायीको एउटा समूहले मेचीनगर–९ मा सुपारीको पातबाट घरायसी सामान उत्पादन गर्ने उद्योग ‘लिफ प्लस प्रालि’ स्थापना गरेको थियो । मकवानपुरका कोविदसिंह बानियाँ, दाङका स्वाभिमान आचार्य, झापाका हरि दाहालको संयुक्त लगानीमा रु एक करोड ५० लाख लगानीमा स्थापना भएको उद्योगमा हालसम्म चार करोड रुपैयाँ लगानी भइसकेको छ ।

दुई वर्षअघि आगलागी भएर ठूलो क्षति भएपछि उद्योगलाई मेचीनगर–९ बाट १३ मा स्थानान्तरण गरिएको छ । आगलागीबाट पुरानो मेसिन काम नलाग्ने बनेपछि भारतबाट नयाँ मेसिन ल्याइएको बानियाँले बताए । ‘सालको पातबाट जस्तै सुपारीको पातबाट दुना टपरी बनाउन सकिन्छ भन्ने लागेर यसको व्यावसायिक उत्पादन गर्ने योजना बनायौँ’, उद्योगका संस्थापकमध्येका बानियाँले भने, ‘सुरुमा स्थानीय बजारमा यसलाई चिनाउन केही समय लाग्यो । पछि विदेशमा बजार प्रवद्र्धन गर्दै युरोपर अमेरिकाको बजारसम्म यसलाई पु¥याउन सफल भएका छौँ ।’ माइक्रोवेभमा तताउन मिल्ने, रेफ्रिजेरेटरमा चिस्याउन मिल्ने, वातावरणमैत्री, नचुहिने र प्राकृतिक रुपमै विसर्जन गर्न सकिने विशेषताका कारण विदेशी बजारमा नेपालमा निर्मित सुपारीको थाल, बटुकालगायतका सामान छिट्टै लोकप्रिय बनेको उनको भनाइ छ । सुरिलो बोटको टुप्पामा झुप्प भएर सुपारीका पात हुर्किने गर्छन् । सुपारी खेतीको भुइँमा किसानहरुले अन्य बाली लगाउने गर्छन् । ठूलो आकारका पात खेतीमा झरेर बाली नोक्सान नहोस् भनेर विगतमा किसानहरु यसलाई खेताला लगाएर बारीबाट हटाउने गर्थे । तर अहिले बोटबाट आफैँ झरेका पात बिक्री भएपछि किसानहरुले अतिरिक्त आम्दानी पाउन थालेका छन् । एउटा पात रु चारका दरले बिक्री हुने गरेको छ ।

झापामा दुई हजार ६०० हेक्टरभन्दा बढी क्षेत्रफलमा ३५ लाख वटा सुपारीका बोट रहेको छ । एउटा बोटबाट बर्सेनि पाँचदेखि आठवटा पात छिप्पिएर खस्ने गर्छन् । यस हिसाबबाट बर्सेनि दुई करोड ५० लाखभन्दा बढी पात खेर गइरहेको छ ।
उद्योगहरुले त्यही खेर जान लागेको पातलाई उपयोग गरेर सामान उत्पादन गर्दछन् । यसबाट सुपारी किसानले फलबाहेक पातको मूल्य पाउने अवस्था सिर्जना भएको छ । स्वदेशभित्र मठमन्दिरमा हुने पूजा, विवाह, व्रतबन्ध र सार्वजनिक समारोहको भोजभतेरमा सुपारीको पातबाट बनेका सामान प्रयोग हुने गरेको छ । भाटभटेनी, सेल्सबेरी, होटल सोल्टीलगायतका राजधानीका ठूला होटल र रेस्टुरेन्टमा यी सामग्री प्रयोग हुँदै आएको उद्योगका सञ्चालक बानियाँ बताउँछन् ।

झापाको बाहुनडाँगी, शान्तिनगर र बुधबारेबाट सुपारीका पात सङ्कलन हुँदै आएको उद्योगले जनाएको छ । ती क्षेत्रका अरू उद्योगबाट उत्पादित सामान उद्योगले किनिदिने गरेको छ । लिफ प्लस प्रालिमा १९ जनाले प्रत्यक्ष रोजगारी पाएका छन् । मेसिन सञ्चालन र पात सङ्कलनमा रोजगारी पाउने अधिकांश महिला श्रमिक छन् ।
उद्योगमा जडान गरिएको सातवटा मेसिनले दैनिक १२ हजार वटा थाल, बटुकालगायतका सामान उत्पादन गर्दै आएको छ । अर्जुनधारा नगरपालिका–२ मा इनर्जी क्रप्स नाम उद्योगले पनि सुपारीको पातबाट दुना टपरीलगायतका सामान उत्पादन गर्दै आएको छ । सञ्चालक दीपक ढुङ्गानाले एक करोड रुपैयाँमा स्थापना गरिएको उद्योगमा १० जनाको संयुक्त लगानी रहेको बताए ।
सञ्चालकहरु आफैँ सुपारीको पात खोज्न किसानका बगानमा पुग्ने गर्छन् भने उत्पादित सामान बिक्रीका लागि आफैँ खटिने गर्छन् । सुपारीको सुकेका पातलाई सङ्कलन गरेर सजिलैसँग उद्योगको कच्चापदार्थ बनाउने गरिएको छ । सुरुमा पातलाई सरसफाइ गरिन्छ र सफा पानीमा धुने काम हुन्छ । धोइसकेपछि चिसोपना हटाउन घाममा सुकाइन्छ । त्यसपछि मात्र कम्प्रेसर मेसिनमा राखेर दुना टपरीको आकार दिइन्छ । प्लास्टिकबाट बनेका थाल बटुकाको विकल्पका रुपमा सुपारीका पातबाट बनेका थाल, बटुकाहरु प्रयोग गर्न सकिने उल्लेख गर्दै उद्योगी ढुङ्गानाले ठूलो आकारको सुपारीको एउटा पातबाट पाँच वटासम्म थाल बनाउन सकिने बताए ।

मेचीनगर–४ बाहुनडाँगीका राजेन्द्र मिश्र सुपारीखेतीबाट धानखेतीको तुलनामा दशौँ गुणा बढी आम्दानी हुने बताउँछन् । अढाई बिगाहामा सुपारीखेती गरेका उनले सुपारीको फलबाट वार्षिक चार लाख रुपैयाँभन्दा बढी आम्दानी भइरहेको बताए ।

सुपारीको बिरुवा रोपेको ६ वर्षपछि दाना फल्न थाल्छ । तर फल फल्नुभन्दा अघि नै यसको बोटले पातमार्फत आम्दानी दिन शुरु गर्छ । सुपारी बगानभित्र तोरी, फिलुङ्गे, आलस, पान, मरिच, कागती, निम्बु, बेसार, अदुवा आदिको खेती सँगसँगै गर्न सकिन्छ ।
मेचीनगर–६ मा याम निरौलाले मल्टी प्रोडक्सन कम्पनी प्रालि स्थापना गरेर बाहुनडाँगी क्षेत्रका सुपारीको पात सङ्कलन गरेर थाल, बटुका, चम्चा आदि सामान उत्पादन गर्दै आउनुभएको छ । स्थानीय क्षेत्रमै आफ्ना सामान बिक्री हुने गरेको जनाउँदै उनले वातावरणीय स्वच्छताका लागि प्लास्टिकका थाल बटुका निषेध गरेर सुपारीका पातको सामान प्रयोग बढाउन स्थानीय तहका सरकारहरुको भूमिका हुनुपर्ने बताए । यही माघमा विर्तामोडमा सञ्चालित अन्तर्राष्ट्रिय औद्योगिक व्यापार महोत्सवमा विक्री कक्ष राख्दा मुलुक बाहिरका अवलोकनकर्ताले समेत सुपारीका पातको सामानबारे निकै चासो राखेको उनले जानकारी दिए । ‘बिक्री भएन भने घाटा व्यहोर्नुपर्ने हुन्छ भनेर उद्योगहरुले थोरै मात्रामा सामान उत्पादन गर्छन्’, उनी भन्छन्, ‘बजार प्रवद्र्धनमा सरकारले सघाइदिने हो भने झापामा सुपारीको पातबाट चल्ने उद्योगबाटै हजारौँले रोजगारी र जीविकोपार्जन गर्नसक्ने सम्भावना छ ।’ मेचीनगर, बुद्धशान्ति र अर्जुनधारामा सुपारीको पातबाट उत्पादन हुने दुना–टपरी उद्योग सञ्चालनमा रहेकाले उद्योगले किसानको घरमा पुगेर सुपारीको पात किनेर लैजाने गरेको सुपारी जोनका पूर्वअध्यक्ष नीलकण्ठ तिवारीले बताए । जङ्गली हात्तीको उपद्रो बढी भएको बाहुनडाँगी क्षेत्रका किसानले हात्तीले नखाने बालीका रूपमा सुपारीखेती गर्दै आएको उनी बताउँछन् ।

‘सुपारीखेती र यसको पातबाट बनेका सामानको बजारीकणमा सरकारले सघाउनुपर्छ’, तिवारी भन्छन्, ‘तेस्रो मुलुकबाट आयातित सुपारीका कारण स्थानीय उत्पादनले बजार नपाइरहेको अवस्था छ । सुपारीको खेती गर्ने किसान, दाना प्रशोधन गर्ने र पातबाट सामान बनाउने उद्योगीहरुलाई प्रोत्साहित गर्नसके मुलुककै अर्थतन्त्रमा ठूलो टेवा पुग्ने निश्चित छ ।’

सुपारीको पातबाट बनेका सामानको विश्व बजारमा भारतीयले ९० प्रतिशत प्रभुत्व जमाएको र सुपारीको पातबाट बनेका सामान निर्यात हुँदा भारतको सरकारले त्यहाँका उद्योगीलाई नौ प्रतिशत प्रोत्साहन अनुदान प्रदान गर्दै आएको लिफ प्लस प्रालिका सञ्चालक बानियाँले बताए । सुपारीको पातबाट बनेका सामान विदेश निर्यात गर्ने मुलुककै पहिलो उद्योग भए तापनि राज्यबाट प्रोत्साहन नपाएको उनको गुनासो छ ।

उत्पादित सामान मानव उपभोगयोग्य रहेको भनेर भारतीय प्रयोगशालामा प्रमाणीकरण गर्नुपर्ने बाध्यता रहेको बानियाँले बताए । ‘स्वदेश र विदेशको बजारमा माग भए जति आपूर्ति गर्न सकिरहेका छैनौँ’, उनले भने, ‘बजारको कुनै चिन्ता छैन । बरु, वातावरणमैत्री सामान उत्पादन गरेर विदेश निर्यात गरिरहँदा राज्यबाट कुनै प्रोत्साहन पाएका छैनौँ भन्नु पर्दा दुःख लाग्छ ।’ रासस

# दुनाटपरी व्यवसायबाट दैनिक तीन हजारसम्म आम्दानी

**मधेशदृष्टि**
**सर्लाही ।**
हरिवन नगरपालिका–४ गेल्हाका २० वर्षीय जितेन्द्र महतोले दुनाटपरी उद्योग सञ्चालन गरेर दैनिक तीन हजार रुपैयाँसम्म आम्दानी गर्दै आएका छन् । गाउँमा एक उदाहरणीय उद्यमीका रूपमा परिचित उनले दुनाटपरी बनाउने उपकरण थप गरी व्यवसाय विस्तार गरेका छन् । सोमबार नयाँ उपकरणको उद्घाटन गरेका जितेन्द्रले आगामी दिनमा उत्पादन दुईगुणाले बढ्ने अपेक्षा व्यक्त गरे । हरिवन नगरपालिकाले आयोजना गरेको लघुउद्यम कार्यक्रममा सहभागी भएर दुनाटपरी बनाउने सीप सिकेका उनले नौ महिना पहिला उद्योग शुरु गरेका हुन् । चुरेका वनमा खेर गइरहेको साल, भोर्लाको पातबाट दुनाटपरी बनाउने उक्त उद्योगमा महतोले २० जना युवालाई रोजगारी दिएका छन् । हरिवन–१० सुकेपोखरीस्थित चतुर्भुजेश्वर जनता बहुमुखी क्याम्पसमा स्नातक अध्ययनरत उनी १२ कक्षापछि वैदेशिक रोजगारीको योजनामा थिए । विदेश भासिने तयारीमा रहेको आफू वडाध्यक्ष केशवराज थापाको सहयोगमा उद्यमी बनेको उनले बताए ।

‘म कक्ष १२ (प्लस टु) सकेर विदेश जाने अन्तिम तयारीमा थिए’, उनले भने, ‘वडाध्यक्षसँग सहयोग माग्न जाँदा उहाँले यही केही गर्नुपर्छ भनेपछि हौसला पाएर सीप सिकेको हुँ । नगरले आयोजना गरेको लघु उद्यमसम्बन्धी सेमिनारमा लैजानु भएपछि । मलाई पनि उद्यमी बन्ने रहर जागेको हो । रहर त जाग्यो । तर, लगानी नहुँदा निकै दुःख पाएँ । उहाँले सहयोग गरेपछि आज उद्यम गरिरहेको छु ।’



बजारमा दुनाटपरीको माग धेरै भएकाले तीन लाख ६० हजार रुपैयाँ पर्ने नयाँ उपकरण जडान गरेको महतोले बताए । यसअघि दुई लाख ४० हजार रुपैयाँमा एक थान उपकरण जडान गरेको उनले उल्लेख गरे । ‘त्यसबाट विभिन्न पाँच प्रकारका दैनिक पाँच हजार दुनाटपरी उत्पादन हुने गरेको छ । अब दैनिक १० हजार बढी उत्पादन बजार पु¥याउने लक्ष्य छ’, उनले भने । नयाँ उपकरण जडानपछि महिनामा तीन लाखसम्मको दुनाटपरी उत्पादन गर्न सकिने उनको दाबी छ । यसबाट मजदुर, उत्पादन, बजारीकरणसमेतको खर्च कटाएर दैनिक दुई हजार पाँच सयदेखि तीन हजार रुपैयाँसम्म मुनाफा हुने उनले जानकारी दिए । रुखको पातबाट बन्ने भएकाले दुनाटपरी वातावरण मैत्री हुने भएकाले प्लास्टिकजन्य सामानभन्दा उपभोक्तालेसमेत धेरै रुचाउने गरेको उनको अनुभव छ । जितेन्द्रले स्थानीयस्तरमा उत्पादन भएका, वातावरण मैत्री सामग्रीको अधिक प्रयोग गरेर सबै तहबाट नवयुवा उद्यमीलाई प्रोत्साहन गर्न आग्रह गरे । यसले वैदेशिक रोजगारीमा जाने क्रम निरुत्साहित गर्ने भएकाले लघु उद्यममा युवालाई जोड्न आवश्यक रहेको बताए । ‘सुरुमा नपत्याएका बैंकहरूले अहिले ऋण लिन बोलाइरहेका छन् । सुरुमा उद्यम सुरु गर्छुभन्दा पुँजी थिएन’, उनले स्मरण गरे, ‘ऋण माग्दा बैंक तथा वित्तीय सङ्घसंस्थाहरूले दिएनन् ।’ अहिले फोन गरेर ‘ऋण लैजानुस्’ भनिरहेका महतोले बताए । पहिलो पटक हरिवनमा रहेको सगुन बचत तथा ऋण सहकारीबाट लिएको एक लाख रुपैयाँ ऋणबाट शुरु भएको उद्योग सञ्चालनमा फेरि त्यसबेलाको जस्तो सङ्कट भोग्नु नपरेको उनले सुनाए ।

जितेन्द्रले सञ्चालन गरेको भजुँ बाबा दुनाटपरी उद्योगबाट उत्पादन भएका सामग्री जिल्लाको हरिवन, नवलपुर, बागमती, लालबन्दी, बरहथवा, बयलबास, मलङ्गवालगायत बजारसम्म पुग्ने गरेको छ । उपभोक्ताको मागअनुसार सालको पत्ता, भोज पत्ता, दुनाटपरीलगायत सामान बजारमा उपलब्ध गराउने गरेको उनले बताए । जितेन्द्रजस्ता लगानी नभएका, उद्यमी बन्ने योजना भएकालाई नगरपालिकाले रणनीति बनाएर प्रोत्साहन गरिरहेको हरिवन नगरपालिकाका प्रमुख रमेश बुढाथोकीले बताए । स्थानीय साधनस्रोतमा जोडेर युवालाई स्वरोजगार बनाए मात्र मुलुक समृद्धिको यात्रामा जाने वडाध्यक्ष केशवराज थापाले बताए । पढाइ छोडेर रोजगारीका लागि विदेश जान सहयोग माग्ने युवालाई गाउँ घरमा उद्यम गरेर परिवारसँग बस्न प्रेरित गर्दै आइएको उनको भनाइ छ । रासस

# १३ केजी अफिमसहित दुई जना पक्राउ



**मधेशदृष्टि**
**वीरगंज ।**
बाराको ईलाका प्रहरी कार्यालय सिमराले दुईजना अफिम कारोबारीलाई १३ केजी अफिम सहित पक्राउ गरेको छ । स्कुटरमा अफिम लिएर वीरगंजतर्फ आउँदै गरेका उनीहरुलाई ईलाका प्रहरी कार्यालय सिमराका प्रहरी नायब निरीषक दिपक बस्नेतको कमाण्डमा रहेको मोबाइल टोलीले सूर्य नेपाल अगाडीबाट पक्राउ गरेको हो । पक्राउ पर्नेमा मकवानपुरको कैलाश गाउँपालिका ८ का भिमबहादुर मोक्तान र मनहरी गाउँपालिका ६ का सुर्यबहादुर मोक्तान रहेका छन् । उनीहरुको साथबाट प्रहरीले १ लाख ३३ हजार नगद समेत बरामद गरेको ईलाका प्रहरी कार्यालय सिमराकी प्रहरी नायब उपरीक्षक शुभद्रा लामाले जानकारी दिइन् । मधेश प्रदेश ०३–००१ प–१६१४ नम्बरको स्कुटरमा वीरगंजतर्फ आउँदै गरेका उनीहरुका विषयमा प्रहरीले पहिल्यै सूचना पाएपछि ईलाका प्रहरी कार्यालय सिमरा सहित जीतपुर र पथलैयाको प्रहरी टोलीले उनीहरुलाई पक्राउ गर्न घेरा हालिसकेको थियो । प्रहरीलाई देखेपछि स्कुटर छाडेर भागीसकेका उनीहरुलाई सिमराको मोबाइल गस्ती टोलीका प्रहरी नायब निरीक्षक दिपक बस्नेतको टोलीले सूर्य नेपाल अगाडीबाट पक्राउ गर्न सफल भएको ईलाका प्रहरी कार्यालय सिमराले जनाएको छ । बरामद भएको अफिमको अन्तर्राष्ट्रिय बजार मूल्य दुई करोड भन्दा बढि रहेको छ । भारत तर्फ लैजान लागिएको अफिम सहित पक्राउ परेका दुबैलाई ईलाका प्रहरी कार्यालय सिमराले हिरासतमा लिएर अनुसन्धान गरिरहेको छ ।

# शीतलहरमा सहयोग गरेका विभिन्न संस्था सम्मानित

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा जिल्लामा यस वर्षको शीतलहरका कारण प्रभावित गरिब तथा विपन्न परिवारलाई राहत प्रदान गर्ने विभिन्न संघसंस्थाहरूलाई जिल्ला प्रशासन कार्यालय पर्साले सम्मानित गरेको छ । मंगलबार कार्यालयको सभाकक्षमा आयोजित कार्यक्रममा प्रमुख जिल्ला अधिकारी गणेश अर्यालको उपस्थितिमा शीतलहर पीडितलाई न्यानो कपडा तथा अन्य आवश्यक राहत सामग्री वितरणमा योगदान पु¥याएका संस्थाहरूलाई प्रशंसापत्र प्रदान गरी सम्मान गरिएको हो । कार्यक्रममा वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष अनिल कुमार अग्रवाल, रूंगटा वेलफेयर सोसाइटीका अध्यक्ष सुरेश रुंगटा, नेपाल पत्रकार महासंघ पर्साका सहसचिव एसके चौरसिया, नेपाल रेडक्रस सोसाइटी पर्साका सभापति बिरेन्द्रराज कँडेल, नेपाल युवा उद्यमी मञ्च वीरगंजका कार्यकारी सदस्य सुरज रुंगटा, ग्रिन सिटी सामुदायिक सेवा केन्द्रका अध्यक्ष जयप्रकाश खेतानसहित रोटरी क्लब र लायन्स क्लबका देवकीनन्दन (डिएन) अग्रवाललाई सम्मानपत्र प्रदान गरिएको थियो । सम्मान कार्यक्रममा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका सचिव डिजल भट्टराईले विपद् व्यवस्थापनमा सरकार तथा निजी क्षेत्रको सहकार्यको महत्वबारे प्रकाश पार्दै राहत प्रदान गर्ने संघसंस्थाहरूलाई आभार प्रकट गरे । कार्यक्रममा प्रजिअ अर्यालले सामाजिक उत्तरदायित्व बहन गर्ने संस्थाहरूलाई सम्मान गरेर समाजमा सहयोगी भावना बढाउने उद्देश्य रहेको बताए । शीतलहर पीडितहरूलाई सहायता गर्ने संघसंस्थाहरूको योगदान अत्यन्तै महत्त्वपूर्ण रहेको उल्लेख गर्दै आगामी दिनमा पनि यस्तो सहयोगात्मक भावना जारी राख्न उनले आग्रह गरे ।

# जलवायु न्यायको मुद्दा उठाउन सांसद ढकालको प्रस्ताव



**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेपाल सरकारले आगामी जेठ २ देखि ४ गतेसम्म काठमाडौँमा ‘सगरमाथा संवाद’ आयोजना गर्ने तयारी गरेको छ । यस संवादले पर्वतीय क्षेत्रका मुद्दा अन्तर्राष्ट्रिय समुदायको ध्यानमा ल्याउने महत्त्वपूर्ण अवसर प्रदान गर्ने छ । यसलाई सत्तारूढ र प्रतिपक्षी सांसदहरूले ठूलो अवसरको रूपमा लिएका छन् । सगरमाथा संवादको तयारीलाई ध्यानमा राख्दै मंगलबार प्रतिनिधि सभा सदस्य एकनाथ ढकालले जलवायु परिवर्तनको मुद्दालाई ‘जलवायु न्याय’ को सन्दर्भमा प्रमुख प्राथमिकता दिने आवश्यकता रहेको बताए । ‘नेपाल जलवायु परिवर्तनको क्षेत्रमा अन्तर्राष्ट्रिय समुदायसँग सहकार्यको स्पष्टता दिन र पर्यटन प्रबर्धनमा मद्दत पु¥याउने तयारी गरिरहेको छ ।’ उनले भने, ‘सगरमाथा संवादको अवसरमा, नेपालले संयुक्त राष्ट्रसंघको महासचिव एन्टोनियो गुटेरेसलाई निमन्त्रणा गर्न सभामुख महोदय मार्फत नेपाल सरकारलाई अनुरोध गर्दछु ।’ सगरमाथा संवादमा विश्वभरिका राष्ट्र प्रमुख र सरकार प्रमुखहरूको सहभागिता सुनिश्चित गर्दै, नेपालका जलवायु परिवर्तनका पहल र पर्वतीय क्षेत्रको संरक्षणका लागि साझा आवाज उठाउने अवसर हुने अपेक्षा गरिएको छ ।

# पिछडावर्गको अध्यक्षमा ठाकुर दोहोरिए



**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेपाल पिछडावर्ग (ओबीसी) महासंघको छैठौं राष्ट्रिय महाधिवेशनले सर्वसम्मत अध्यक्ष चयन गरेको छ । महाधिवेशनले गजेन्द्र ठाकुरलाई अध्यक्षमा पुनः चयन गरेको छ । महाधिवेशनका प्रमुख अतिथि पूर्वमन्त्री डा.केशवमान शाक्यले अधिकारका लागि दलित, आदिवासी जनजाति र ओबीसी मिलेर राज्यसँग लड्नुपर्ने धारणा राखेका थिए । कार्यक्रमलाई सम्बोधन गर्दै उनले भने, ‘नेपालका मूल निवासी दलित, आदिवासी जनजाति र पिछडावर्गबीच कार्यगत एकता नहुँदा केही खास वर्गले राज्यका निकायहरुमा पकड बनाएका छन् ।’ पूर्वमन्त्री डा.शाक्यले नेपालको संविधानअनुरुप गठन भएका दलित आयोग, आदिवासी जनजाति आयोग, मुस्लिम आयोग, मधेशी आयोग जस्तै पिछडावर्ग आयोग गठन हुनुपर्ने बताए । उनले मधेशी आयोगभन्दा पनि पिछडावर्ग आयोग गठन हुनुपर्नेमा जोड दिएका हुन् । ओबीसीका नवनिर्वाचित अध्यक्ष गजेन्द्र ठाकुरले ओबीसीको थर सूचिकरण गरी पिछडावर्ग आरक्षण लागू गर्नुपर्ने माग गरेका छन् ।

उनले संघीय र प्रादेशिक सरकारले पिछडावर्गको नाममा आएको बजेटलाई कार्यान्वयन नगरी फ्रिज गर्दै आएको भन्दै आक्रोश व्यक्त गरेका थिए । उनले भने, ‘समावेशी आयोगले पिछडावर्गको थर सूचिकरण गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउँदा पनि मन्त्रालयले कुनै वास्ता गरिरहेको छैन । मन्त्रालयले अविलम्ब थर सूचिकरणलाई संसदमा पेस गरी पारित गर्नुपर्छ ।’ पिछडावर्गको आरक्षण लागू नगरिए फागुनदेखि आन्दोलन गर्ने उनले चेतावनीसमेत दिएका छन् । महाधिवेशनबाट आर्थिक प्रतिवेदन, सांगठनिक प्रतिवेदन र आगामी कार्ययोजना प्रतिवेदनहरु समेत पारित गरिएको थियो । मंगलबार काठमाडौंस्थित मधेश मिडिया हाउसमा सम्पन्न महाधिवेशनबाट अध्यक्ष ठाकुरसहित १३ सदस्यीय केन्द्रीय समिति चयन भएको हो । ओबीसीको उपाध्यक्षद्वय सुरेशचन्द्र राय र उपेन्द्र प्रसाद चौधरी, महासचिव तुफानी ठाकुर, सचिवद्वय बुधराम पाल र सुधा कुमारी यादव, कोषाध्यक्ष फुलतारण कुमारी र प्रवक्ता शिवकुमार साह मनोनित भएका छन् ।

# गाउँ ब्लक जग्गाको फुकुवा माग गर्दै स्थानीयको धर्ना

**मधेशदृष्टि**
**सिरहा ।**
जिल्लाको लहानमा गाउँ ब्लक जग्गाको सम्पूर्ण फुकुवा माग गर्दै लहानमा स्थानीयहरूले मंगलबार मालपोत कार्यालय लहानमा धर्ना दिएका छन् । धर्नाले गर्दा कामकाज ठप्प भएको थियो । स्थानीयसँगै लहान नगरपालिकाका उपमेयर रामचलितर महतो, वडा अध्यक्ष रमेश गौतम, लेखापढी व्यवसायीहरूले पनि आन्दोलनमा सहमति जनाएका छन् । हक हस्तान्तरण, बिक्री र बैंक तथा वित्तीय संस्थामा राख्न मिल्ने गरी स्रेस्ता प्रयोगको माग उनीहरूले गरेका छन् । केहीदिन अगाडि मालपोत, नापी, इलाका प्रशासन र लहान नगरपालिकामा ज्ञापनपत्र बुझाएका थिए । माग सम्बोधन नभएपछि मसाल जुलुस, विरोध प्रदर्शन गरेर धर्ना बसेका हुन् । आइतबार साँझ मसाल जुलुस प्रदर्शन गरेका उनीहरू सोमबार नगरभरिमा विरोध प्रदर्शन गरेका थिए । माग पूरा नभए तालाबन्दी गर्ने संघर्ष समितिका संयोजक अरुण केसीले चेतावनी दिएका छन् ।

# आम सहमतिमा संविधान संशोधन गर्दै जानुपर्छः शाह



**मधेशदृष्टि**
**काठमाडौँ ।**
मदनकुमारी शाह (गरिमा) राष्ट्रियसभा सदस्य हुन् । उनी विद्यार्थी राजनीतिबाट २०४६ सालदेखि राजनीतिमा सक्रिय छिन् । विसं २०७० सालको संविधानसभा सदस्यसमेत रहेकी शाह हाल नेकपा (एकीकृत समाजवादी)को केन्द्रीय सचिव तथा सुदूरपश्चिम इन्चार्ज हुन् ।

राष्ट्रियसभामा आएको तीन वर्षका अवधिमा आफूले निर्वाह गरेको भूमिकाप्रति म सन्तुष्ट छु । आफ्नो योग्यता र क्षमताको हिसाबले संसद्को भूमिकामा महत्त्वपूर्ण समय दिएजस्तो लाग्छ । म हाल सार्वजनिक नीति प्रत्यायोजित तथा विधायन समितिको सदस्य छु । समितिमा रहेर अध्ययन गर्दा के देख्यौँ भने ऐनभन्दा नियमावली ठूलो, नियमावलीभन्दा विनियमावली ठूलो अनिविनिमियावलीभन्दा कार्यविधि । पूरै अधिकार क्षेत्र नै पार गरेको पायौँ । कर्मचारीले आफ्नो अनुकूल कसैको इच्छामा निर्देशिका, कार्यविधि, मापदण्ड बनाएका देख्यौँ । प्रत्यायोजित विधायनको सन्दर्भमा छुट्टै एउटा कानुन बनाउनुपर्छ । यसका लागि कानुनले नै नियमन गर्नुपर्ने भनेर सरकारलाई निर्देशित गर्यौं । मैले प्रतिनिधिसभाको पनि अनुभव लिइसकेको छु । संविधान बनाउँदा मस्यौदा कार्यदलमा पनि थिएँ । तर संविधानको मर्मअनुसार काम हुनसकेको देखिएको छैन । यसै सन्दर्भमा संविधानको पूर्ण रूपमा कार्यान्वयन गर्नका लागि कानुन बने वा बनेनन् भन्नेमा विधायन समितिले अध्ययन गरेको थियो । उक्त अध्ययनको नतिजाले अझै पनि संविधान अनुकूलका कानुन नबनेको अवस्था देखाएको छ । जस्तै, शिक्षा विधेयक, निजामती विधेयक, नेपाल प्रहरी विधेयक थुप्रै विधेयक बाँकी नै रहेको स्थिति छ । अधिकार बाँडफाँटबारे संविधानले परिकल्पना गरेको छः न्यायपालिका, कार्यपालिका र विधायिका । पछिल्लो समयमा कस्तो देखिन्छ भने सरकारले संसद्लाई छायाँमा पार्न खोजेको हो कि भन्ने आभास हुन्छ ।

सांसदहरूले कानुन बनाएनन् भनेर एकातिर आलोचना खेप्नुपर्ने अर्कातिर कानुन बनाउने मुख्य मस्यौदाको जिम्मा जसलाई छ उसले नै जिम्मेवारी बहन नगरेको स्थिति छ । म भएको विधायन समितिले सरकारी आश्वासनको क्षेत्र पनि हेर्ने भएकाले सरकारले गर्छु भनेका थुप्रै काम हुन नसकेको प्रष्टै देखिएको छ । नेपालको सन्दर्भमा सङ्घीयता नौलो अभ्यासका रूपमा रहेको छ । यद्यपि, कुनै पनि शासन प्रणालीलाई जब हामी अङ्गीकार गर्छौँ त्यसलाई व्यवहार र अभ्यासमा लैजाँदै गर्दा कतिपय आउने अप्ठ्यारा र तदनुसार कानुनको माध्यमबाट सजिलो बनाउँदै लैजाने कुरा हो । गर्दै जाँदा त्यसरी नै परिपक्व हुँदै जाने हो । आएका अप्ठ्यारालाई सामना गर्दै जाने र हटाउँदै जाने हो । एउटा शासन व्यवस्थालाई राम्रो र सुदृढ बनाउने यसरी नै हो । तर सङ्घीयता कार्यान्वयनका सन्दर्भमा राज्यसत्ता सञ्चालनकर्तामा अनिच्छा देखिएको छ । सञ्चालनकर्ता भनेपछि सरकारमात्र होइन । राज्यभित्र सबै पर्छन् । संसद्, सरकार, न्यायपालिका, राज्यको चौथो अङ्ग सञ्चार क्षेत्रलगायत सबै पर्छन् । तर हाम्रो जुन मानसिकता छ त्यो कतै न कतै अझै सङ्घीयतालाई भित्रैदेखि स्वीकार गर्न नसकिएको हो कि भन्ने लाग्छ । सङ्घीय, स्थानीय र प्रदेशले गर्ने काम, कर्तव्यमा पनि धेरै अलमल छ । कानुनकै अभाव छ । कानुन बनाइसकेपछि कार्यान्वयनका क्रममा कहाँ अप्ठ्यारो भयो भन्ने ठाउँमा हुनुपर्ने हो । तर आ–आफ्नो अधिकार क्षेत्रमा रहेर त्यसलाई उपभोग गर्न पनि हामीले त्यस खालको वातावरण कानुनी ढङ्गले बनाउन सकेको स्थिति छैन । जस्तो कि शिक्षा विधेयककै कुरा गरौँ । कानुनमा एउटा कुरा लेखिएको छ अभ्यासमा अर्कै छ । समितिमा छलफल भइरहेको छ । मस्यौदा एक किसिमको आउँछ, चाहना अर्को हुन्छ । विरोधाभाष छ ।

संविधान संशोधनको सन्दर्भमा संविधानलाई १० वर्षमा पुनरावलोकन गर्ने भनेर संविधानमै लेखेका छौँ । हामीले १० वर्षमा संविधानले गरेका व्यवस्था कति सफल भए भनेर अवलोकन गर्ने हो । जुन कुरा कार्यान्वयन गर्नका लागि कानुन नै बनाएका छैनौँ । त्यसलाई असफल वा सफल भयो भनेर कसरी भन्ने ? मेरो मनमा प्रश्न छ । समयअनुसार आवश्यकता पनि परिवर्तन भइरहेका हुन्छन् । जनताका इच्छा सम्बोधन गर्नका लागि पनि संशोधनको आवश्यकता हुन्छ । गलत नियतका साथ राज्यलाई निरङ्कुशतातर्फ धकेल्ने, जनताका अधिकार कटौती गर्ने, महिलाका अधिकार कटौती गर्ने, थारू, मधेसी, दलित, जनजातिका अधिकार कटौती गर्ने, सङ्घीयतालाई नै खारेज गर्नेगरी वा अरु हिसाबले एक कदम पछाडि जाने गरी संविधान संशोधन हुन्छ भने त्यो प्रिय हुँदैन । ग्राह्य पनि हुँदैन । एक कदम अघि बढ्नका लागि सबैको सहमतिमा क्रमशः संशोधन गर्दै जानुपर्छ । चाहे युवाको विदेश पलायन रोक्ने कुरा होस् वा आर्थिक समृद्धिका कुरा यी सबैका लागि पहिलो शर्त सुशासन नै हो । सुशासन भएन भने मुलुकमा रोजगारी सृजना र उत्पादन गर्न सक्दैनौँ र युवाको विदेश पलायन पनि रोक्न सक्दैनौँ । दुःखको कुरा के छभने सरकार सुशासन कायम गर्नेभन्दा पनि नीतिगत भ्रष्टाचारलाई बढावा दिनेतर्फ केन्द्रित जस्तो देखिरहेकी छु । सुशासनका लागि राज्य व्यवस्था सञ्चालन गर्ने प्रमुख पदमा बस्ने व्यक्तिहरू नैतिक रूपले बाँधिएको हुनुपर्छ । उहाँहरू नै सदाचारी, नैतिक हुनुपर्ने हुन्छ । रासस




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन